संघीय संसद

प्रतिनिधि सभा

सार्वजनिक लेखा समिति

# २१औं

# वार्षिक प्रतिवेदन

## २०७८


सार्वजनिक लेखा समिति सचिवालय

सिंहदरबार, काठमाडौं

फोन नं.: ४२००२१८, ४२००२०६, ४२११७४४

E-mail: pacommittee@parliament.gov.np

URL: parliament.gov.np

संघीय संसद

प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

# २१औं वार्षिक प्रतिवेदन

## २०७८


**सार्वजनिक लेखा समिति सचिवालय**

सिंहदरवार, काठमाडौं

**फोन नं. ४२००२१८, ४२११७४४, ४२००२०६**

*E-mail: pacommittee@parliament.gov.np*

*URL: www.parliament.gov.np*

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ उपर मिति २०७७/०६/१९ र २०, २०७७/०८/२६, २०७७/०९/०१, २०७८/०७/११, १२ र २०७८/०९/२८ र २९ गते भएका छलफलका निणर्यहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **नीति तर्जुमा र कार्यान्वयन** — राष्ट्रिय यातायात नीति, २०५८ र वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१ कार्यान्वयनमा आएपनि अद्यावधिक प्रगति विवरण तयार नगरेको, सडक तथा रेल पूर्वाधार विकासका लागि योजना लागू भएको २ वर्षमा पनि उल्लेख्य प्रगति नभएको । | अद्यावधिक प्रगति विवरण तयार गरी एक महिना भित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| २ | **चौधौं योजनाको कार्यान्वयन** — चौधौं योजना २०७३/०७४-२०७५/०७६ ले राखेको लक्ष्य बमोजिम कार्य भए नभएको सम्बन्धमा प्रगति विवरण तयार नगरेकोले उपलब्धिको मूल्यांकन गर्न नसकिएको, आवधिक योजनामा उल्लिखित कार्यक्रम कार्यान्वनको सुनिश्चितताका लागि अभिलेख व्यवस्थापनमा ध्यान नदिएको । | अभिलेख व्यवस्थापन गरी प्रगति विवरण समितिमा पेश गर्न र अभिलेख व्यवस्थित गर्न निर्देशन दिने । |
| ३ | **बजेट कार्यान्वयन** | *** |
| ३.१ | वैदेशिक स्रोतबाट रु. २८ अर्ब ८९ करोड ७ लाख प्राप्त हुने अनुमान रहेकोमा रु. १३ अर्ब २९ करोड ८५ लाख मात्र प्राप्त भएको । | वैदेशिक स्रोतको अनुमानलाई वास्तविक र व्यवहारिक रुपमा आंकलन गरी सो अनुसार बजेट तथा कार्यक्रम तयार गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ३.२ | विगत तीन वर्षको तुलना गर्दा २०७४/०७५ मा पूँजीगत खर्च १५८.५९ प्रतिशतले बढेको । | पूँजीगत खर्चलाई व्यवस्थित गर्न निर्देशन दिने । |
| ३.३ | एशियाली विकास बैंकको सहयोगमा सञ्चालित आयोजनामा सम्झौता रकममा १७.२८ प्रतिशत मात्र उपयोग भएको । | वैदेशिक सहयोगमा सञ्चालित आयोजनाको समिक्षा गरी सम्झौता अनुरुप खर्च हुने गरी प्रभावकारी कार्यान्वयनका लागि आवश्यक तयारी गर्न निर्देशन दिने। |
| ३.४ | सापेक रोड कनेक्टिभीटि आयोजना र नागढुङ्गा सुरुङ्ग मार्ग आयोजनामा बजेट भन्दा बढी खर्च देखाएको। | अब आइन्दा बजेट तथा कार्यक्रम निर्धारण गर्दा स्रोतको उपयुक्त वाँडफाँड गर्न र बजेटको सिलिङ भित्र रही खर्च गर्न निर्देशन दिने। |
| ३.५ | मन्त्रालय र मातहतका निकायका लागि विनियोजित बजेट अर्थ मन्त्रालयबाट कहिले बजेट थप्ने, कहिले घटाउने र स्रोतान्तर समेत भएकोले विनियोजन यथार्थपरक नदेखिएको । | बजेटलाई यथार्थ परक बनाई बजेट थप्ने, घटाउने र स्रोतान्तर गर्ने जस्ता कार्यलाई न्यूनीकरण गर्न निर्देशन दिने। |
| ३.६ | स्थानीय तहमा हस्तान्तरण भएका तीन बजेट उपशीर्षक अन्तर्गतका योजनाहरु सम्बन्धित स्थानीय तहमा हस्तान्तरण नगरी कार्यक्रम र बजेट थप गरी खर्च गर्नु उपयुक्त नभएको । | स्थानीय तहमा हस्तान्तरण भएका योजनाहरु समयमै हस्तान्तरण गरी स्थानीय तहबाटै कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन निर्देशन दिने। |
| ३.७ | मन्त्रालय अन्तर्गतका ८० कार्यालयहरुले चौमासिक बजेट बाँडफाँड अनुसार खर्च नगरी तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च गरेको । | अब आइन्दा चौमासिक बजेट बाँडफाँडकै परिधिभित्र रही खर्च गर्ने व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन गर्न गराउन निर्देशन दिने । |
| ३.८ | सडक विभाग अन्तर्गतका ३२ कार्यालयले विनियोजित बजेटभन्दा बढी खर्च गरी अर्थ मन्त्रालयको स्वीकृतिबेगर फ्रिज हुने रकमबाट मिलान गरेको, मन्त्रालयले राजमार्ग स्तरोन्नति आयोजनाका लागि रकमान्तर गरी ऋणात्मक बजेट कायम गरेकोमा रु. ३ करोड ३३ लाख ७६ हजार खर्च देखाएकोले बजेटको सिद्धान्त अनुसार नभएको । | बजेट सिद्धान्त विपरित खर्च गर्ने गराउने पदाधिकारीलाई सचेत गराउन र अब आइन्दा अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र फ्रिज हुने रकम परिचालन तथा रकमान्तर गर्न निर्देशन दिने। |
| ३.९ | पेस्की खर्चको प्रयोजन खुल्ने मासिक विवरण लिई अनुगमन नगरेको । | पेश्की विवरण मासिक रुपमा राख्न र त्यसको अनुगमन गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ४ | **कार्यक्रम स्वीकृति र संशोधन —** १ हजार ६४ योजनामा रु.३६ अर्ब ९२ करोड २२ लाखको कार्यक्रम संशोधन गरेकोले शुरु वार्षिक कार्यक्रम तथा बजेट विश्वसनीय नदेखिएको । | कार्यक्रम संशोधनलाई निरुत्साहित गर्दै बजेट तथा कार्यक्रम यथार्थ परक रुपमा तयार गर्न निर्देशन दिने । |
| ५ | वार्षिक लक्ष्य र प्रगति | *** |
| ५.१ | राष्ट्रिय योजना आयोगको वार्षिक विकास कार्यक्रम अनुसार सडकतर्फको प्रगतिबारे मन्त्रालयले प्रगति विवरण तयार नगरेकोले समग्र प्रगतिको मूल्यांँकन तथा विश्लेषण गर्न नसकिएको । | प्रगति विवरण तयार गरी समग्र प्रगतिको मूल्यांकन तथा विश्लेषण गरी समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| ५.२ | प्राथमिकता प्राप्त ५६ आयोजनामध्ये २ को शून्य, २ को ५० प्रतिशतभन्दा कम, २ को ७५ भन्दा कम भौतिक प्रगति भएको । | पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यान्वयनको आवश्यक तयारी, प्रभावकारी कार्यान्वयन र नियमित अनुगमन तथा मूल्यांकन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ५.३ | २०५०/०५१ भन्दा अगाडिदेखि निर्माण शुरु भएका केही सडकहरु हालसम्म पनि सम्पन्न नभएका । | पुराना अधुरा आयोजनामा बजेट व्यवस्था गरेर मात्र अन्य आयोजनामा लगानी गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ५.४ | धरान-चतरा-गाईघाट कटारी सिन्धुली सडकको निर्माणको अवधि ३६ महिनामध्ये २० महिना व्यतीत हुँदा पूर्वी खण्ड ३१ र पश्चिमी खण्ड २७ प्रतिशतमात्र भौतिक प्रगति भएको । | निर्माणाधिन आयोजनाहरुको समयमै कार्य सम्पन्न गर्ने गरी कार्ययोजना निर्माण, कार्यान्वयन र नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ५.५ | विभिन्न जिल्लामा भारतीय एक्जिम बैंकको ऋण सहायताबाट सञ्चालित सडक सुधार योजनाका कार्यको भौतिक प्रगति न्यून रहेको । | निर्माणाधिन आयोजनाहरुको अधिकतम प्रतिफल प्राप्त हुने गरी कार्ययोजना निर्माण, कार्यान्वयन र नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ५.६ | व्यापारिक मार्ग विस्तार आयोजना अन्तर्गतका ५ सडकको निर्माण कार्यको भौतिक प्रगति २८ देखि ७३ प्रतिशत रहेको । | सडकको रेखांकन, जग्गा अधिग्रहण र मुआब्जा विवाद, जनशक्तिको कमी, सरोकारवाला निकायसँगको समन्वयको अभाव र बजेटको कमी जस्ता समस्याहरुलाई सयममै समाधान गरी आयोजनाहरुलाई निर्धारित समयमा सम्पन्न गर्न गराउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ६ | **लेखापरीक्षण —** बनेपा-सिन्धुली-बर्दिवास र चक्रपथ सुधार आयोजनाका लागि प्राप्त रकमको आर्थिक विवरण पेश गरी लेखापरीक्षण नगराएको । | प्राविधिक सहायता रकम लगायत सबै किसिमका वैदेशिक सहयोगको आयोजनाहरुको छ महिना भित्र लेखापरीक्षण गर्न गराउन र सोको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ७ | **राष्ट्रिय गौरवका आयोजना -** | *** |
| ७.१ | मध्यपहाडी लोक मार्ग आयोजना २०६४/०६५ देखि शुरु भई २०७४/०७५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा संशोधित कार्यतालिका अनुसार २०७७/०७८ सम्म सम्पन्न गर्ने लक्ष्य भएपनि शुरु भएको १० वर्षमा भौतिक प्रगति ४५ र वित्तीय प्रगति ३३.५५ प्रतिशत मात्र रहेको । | निर्माणाधिन आयोजनाहरुको समयमै कार्य सम्पन्न गर्ने गरी कार्ययोजना निर्माण, कार्यान्वयन गर्न र नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ७.२ | आ.व. २०६६/०६७ देखि शुरु भएको रेल, मेट्रो तथा मोनोरेल विकास आयोजनाले पूर्वदेखि पश्चिमसम्म रेल सञ्जाल निर्माण एवं सञ्चालनको लक्ष्य लिएकोमा जग्गा विवादका कारण बर्दिवासमा रेलवे स्टेसन निर्माण कार्य हुन नसकेको । | समयमै विवाद समाधान गरी निर्माण कार्यलाई निर्धारित समयमा सम्पन्न गर्न निर्देशन दिने। |
| ७.३ | उत्तर-दक्षिण —कर्णाली लोकमार्ग आयोजनाले खुलालु —सिमीकोट खण्डमा १९६ कि.मी. र हिल्सा-सिमीकोट खण्ड ८८ कि.मी. सडक निर्माण गर्ने लक्ष्य लिएकोमा आयोजना शुरु भएको ९ वर्षमा भौतिक प्रगति १२ र वित्तीय प्रगति ११.६८ प्रतिशत मात्र भएको । | निर्माणाधिन आयोजनाहरुको समयमै कार्य सम्पन्न गर्ने गरी कार्ययोजना निर्माण, कार्यान्वयन र नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ७.४ | उत्तर-दक्षिण लोकमार्गको आयोजना शुरु भएको ९ वर्षमा भौतिक प्रगति ३५ र वित्तीय प्रगति ४०.३९ मात्र रहेको । | लक्ष्य अनुरुप प्रगति हासिल गर्ने गरी कार्ययोजना निर्माण, कार्यान्वयन र नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ७.५ | उत्तर-दक्षिण- काली गण्डकी कोरिडोर लोकमार्ग आयोजनाको शुरु भएको ८ वर्षमा भौतिक प्रगति १० र वित्तीय प्रगति ८.३६ प्रतिशत मात्र रहेको । | राष्ट्रिय गौरबको आयोजना समयमै सम्पन्न गर्न आबश्यक बजेट तथा कार्यक्रम तय गरी नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ७.६ | हुलाकी राजमार्ग आयोजनाको सडक निर्माण कार्यको प्रगति लक्ष्यभन्दा ज्यादै | निर्माणाधिन आयोजनाको समयमै कार्य सम्पन्न गर्ने गरी कार्ययोजना निर्माण, |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | न्यून रहेको । | कार्यान्वयन र नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ७.७ | गल्छी- रसुवागढी सम्मको सडक निर्माण कार्य रुख कटान, जग्गा विवाद, रेखाँकन विवाद, मुआब्जा वितरण लगायतका कारण ढिलाई भएको । | सडकको रेखांकन, रुख कटान, जग्गा अधिग्रहण र मुआब्जा विवाद, जनशक्तिको कमी, सरोकारवाला निकायसँगको समन्वयको अभाव र बजेटको कमी जस्ता समस्याहरुलाई सयममै समाधान गरी आयोजनाहरुलाई निर्धारित समयमा सम्पन्न गर्न निर्देशन दिने । |
| ८ | **सडक अभिलेख —** सडक विभागले सडक निर्माण, त्यसमा गरेको लगानी र सडकको अवस्था खुल्ने अभिलेख नराखेको । | सडक निर्माण, त्यसमा गरेको लगानी र सडकको अवस्था खुल्ने अभिलेख तयार गर्न र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ९ | **दायित्व व्यवस्थापन —** प्रदेशमा हस्तान्तरण हुनु पर्ने सडकहरु हस्तान्तरण नहुँदा दायित्व बढेको, दायित्व व्यवस्थापन गर्ने स्रोत यकिन गरी खरिद सम्झौताहरु कार्यान्वयन गर्न नीतिगत निर्णय नभएको, अघिल्लो प्रतिवेदनमा उल्लेख भएको दायित्व फरफारक तथा योजना हस्तान्तरण गर्नु पर्ने विषय कार्यान्वयन नभएको। | हस्तान्तरण गर्नुपर्ने सडकहरु समयमै हस्तान्तरण गर्न र समयमै ती सडकहरुको निर्माण तथा नियमित मर्मत सम्भार गर्न तथा दायित्व फरफारक गर्न निर्देशन दिने । |
| १० | **आयोजना हस्तान्तरण -** | *** |
| १०.१ | स्थानीय तहको अधिकार सूचीभित्र परेका भौतिक निर्माणका कार्यहरुमा मन्त्रालय मातहतका निकायबाट रु. १० अर्ब १६ करोड ९७ लाख खर्च गरेको । | स्थानीय तहको अधिकार सूचीभित्र परेका भौतिक निर्माणका कार्यहरु तत्काल हस्तान्तरण गरी स्थानीय तहबाटै निर्माण तथा मर्मत सम्भार गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| १०.२ | स्थानीय तहमा हस्तान्तरण हुनु पर्ने योजनामा हस्तान्तरणको व्यवस्था नमिलाई थप लगानी गरेको । | स्थानीय तहमा हस्तान्तरण हुनुपर्ने योजनाहरु तत्काल हस्तान्तरण गरी स्थानीय तहबाटै निर्माण तथा मर्मत सम्भार गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ११ | **व्यवस्थापन सर्वेक्षण —** मन्त्रालयले १० आयोजनामा ११२ जना कर्मचारी दरबन्दी सिर्जना गरे पनि ती कार्यालयमा खर्च गर्ने अख्तियारी नपठाएको । | तत्काल खर्च गर्ने अख्तियारी पठाउने व्यवस्था गर्न निर्देशन दिने। |
| १२ | **कानुनको पालना -** | *** |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १२.१ | सडक बोर्डलाई सडक दस्तुर लगाउन सक्ने अधिकार भए पनि अन्य निकायले उठाएको सम्बन्धमा नियमन नभएको । | सडक दस्तुर उठाउने सम्वन्धमा नियमित अनुगमन गर्न निर्देशन दिने। |
| १२.२ | पुल निर्माण गर्दा दुई पुल बीचको दुरी सम्बन्धी नीति तयार नगरेको तथा पुलबाट सञ्चालन हुने राजमार्ग तथा सहायक राजमार्गको एलाइनमेन्ट निश्चित नगरेको । | पुल निर्माण गर्दा दुई पुल बीचको दुरी सम्बन्धी नीति तयार गर्न र पुलबाट सञ्चालन हुने राजमार्ग तथा सहायक राजमार्गको एलाइनमेन्ट निश्चित गर्न निर्देशन दिने। |
| १२.३ | बहुवर्षीय ठेक्का स्वीकृत गर्नु अघि वातावरणीय प्रभाव मूल्याँकन भएको हुनु पर्नेमा कार्वान्वयन शुरु भएका १७१ योजनाबाहेक अन्यको वातावरणीय प्रभाव मूल्याङ्कन नगरेको । | बहुवर्षीय ठेक्का स्वीकृत गर्नु अघि वातावरणीय प्रभाव मूल्याँकन गरी आयोजना कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |
| १२.४ | सडक निर्माण गर्नु अघि सडकको सीमाभित्र पर्ने जग्गा प्राप्त गर्नु पर्नेमा सो कार्य नगर्दा सडक निर्माण, विस्तार तथा स्तरोन्नतिमा अवरोध हुने गरेको । | सडक निर्माण गर्नु अघि सडकको सीमाभित्र पर्ने जग्गा प्राप्ति र सडक सिमा तोकी सडक निर्माण, विस्तार तथा स्तरोन्ती गर्न निर्देशन दिने। |
| १२.५ | निर्माण भएको सडकको दायाँबायाँ रहेको जग्गामा जग्गाको मूल्य अनुसार विकास कर लगाई असुल गर्ने प्रावधानको कार्यान्वयन नभएको । | तत्काल नियमावली तथा निर्देशिका तयार गरी विकास कर लिने व्यवस्था गर्न निर्देशन दिने । |
| १२.६ | सार्वजनिक सडकले वहन गर्न सक्ने वजनको हदभन्दा बढी वजनको सवारी चलाउन नपाउने व्यवस्था भएपनि सोको पालना नभएको । | आवश्यक संख्यामा भार नाँप तथा सडकको क्षमता निर्धारण लगायतका सम्वन्धमा प्रहरीको सहयोग लिएर नियमित अनुगमन गर्न तथा हालको स्थिति प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| १३ | **सडक निर्माण —** सडक निर्माण गर्ने निकायहरु धेरै भएका कारण कार्य क्षेत्रको किटान र निर्माण सम्बन्धी नर्म्स तथा स्पेसिफिकेसनमा एकरुपता कायम नभएको । | सडक निर्माण गर्ने निकायहरुबीच समन्वय गरी कार्य क्षेत्रको किटान गर्न र निर्माण सम्वन्धी नर्म्स तथा स्पेसिफिकेशनमा एकरुपता कायम गरी तत्काल लागू गर्न निर्देशन दिने। |
| १४ | **सुरुङ् मार्ग —** काठमाडौं-कुलेखानी-हेटौंडा सुरुङ् मार्ग निर्माण कार्य प्रदेश सरकारले गर्न बजेट विनियोजन गरेकोमा निर्माणको ढाँचाका सम्बन्धमा निर्णय नभएकोले मन्त्रालयले आवश्यक निर्णय गरी कार्यान्वयन गर्नु पर्ने । | काठमाडौं-कुलेखानी-हेटौंडा सुरुङ् मार्ग निर्माण सम्वन्धमा आवश्यक समन्वय गरी तत्काल निर्माणको ढाँचा सम्वन्धी निर्णय लिई निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १५ | **राष्ट्रिय निर्माण क्षमता** — सरकारको लक्ष्य बमोजिम राष्ट्रिय निर्माण क्षमताको लक्ष्य हासिल गर्न मन्त्रालयले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १६ | **आयोजना स्वीकृति -** | *** |
| १६.१ | धरान चतरा गाईघाट कटारी सिन्धुली हेटौंडा सडक योजना कार्यान्वन गर्न परामर्शदाताले पहिलेको डिजाइन पुनरावलोकन गरी दुई खण्ड निर्माण गर्न रु. १७ अर्ब ८० करोड ९२ लाग्ने संशोधित प्रतिवेदन पेश गरेकोमा स्वीकृत नभएको । | मन्त्रालयबाट अनुमोदन भएको देखिएकोले अब आइन्दा स्वीकृत गरेर मात्र कार्यान्वयन गर्न निर्देशन दिने । |
| १६.२ | विस्तृत आयोजना प्रतिवेदन तयार गरे तापनि स्वीकृत नभएकोले योजनाको लागत यकिन नभएको । | विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरी योजनाको लागत यकिन गर्न निर्देशन दिने । |
| १६.३ | विस्तृत आयोजना प्रतिवेदन स्वीकृत नगरी चेनेजअनुसारको मात्र आयोजना प्रतिवेदन तयार गरी कार्य गर्दा कुनै खण्ड सिङ्गल लेन र कुनै खण्ड डबल लेन हुने स्थिति रहेको । | अब आइन्दा विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरेर मात्र निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |
| १६.४ | डिभिजन सडक कार्यालय दाङ्ले सबै खण्डको सडक निर्माणमा विस्तृत आयोजना प्रतिवेदन तयार नगरेको । | अब आइन्दा विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरेर मात्र निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |
| १६.५ | मदन भण्डारी लोकमार्गको विस्तृत आयोजना प्रतिवेदन तयार गरी स्वीकृत नगरेको, भुक्तानी भइसकेका १० खरिद सम्झौताहरु मदन भण्डारी लोक मार्गमा समावेश गरेकोले सडकको रेखाङ्कन परिवर्तन भएमा लागत बढ्न जाने । | अब आइन्दा विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरेर मात्र निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |
| १७ | **आर्थिक कारोबार सञ्चालन** — जिन्सी तथा सम्पत्तिको एकीकृत अभिलेख तयार नगरेको । | जिन्सी तथा सम्पत्तिको एकीकृत अभिलेख तयार गर्न निर्देशन दिने । |
| १८ | **खरिदमा प्रतिस्पर्धा** — लागत अनुमानको तुलनामा १९.७६ प्रतिशत घटीमा सम्झौता भएकोले खरिद सम्झौता गर्दा पर्याप्त प्रतिष्पर्धा कायम हुने गरी खरिद | खरिद सम्झौता गर्दा पर्याप्त प्रतिस्पर्धा कायम हुने गरी खरिद कार्य गर्न गराउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | सम्बन्धी कारवाही गर्नु पर्ने । | |
| १९ | **बजेट सुनिश्चितता —** आयोजनाका पूर्व तयारीका कार्य पूरा गरे पश्चात् स्रोत सुनिश्चितता र थप बजेटको सहमति दिनु पर्ने । | अब आइन्दा आयोजनाका पूर्व तयारीका कार्य पूरा गरे पश्चात् स्रोत सुनिश्चितता र थप बजेटको सहमति दिने व्यवस्था गर्न निर्देशन दिने । |
| २० | **सडक मर्मत —** सडकहरुको निर्माण कार्यमा गुणस्तर कायम नगरेको, सडक मर्मत गर्ने निकायहरु बीच समन्वय नभएकोले मर्मत कार्य प्रभावकारी नदेखिएको, सडक बिग्रेर यातायातमा कठिनाई भएको सम्बन्धी सूचना लिने र सो बमोजिम सुनुवाई भई अनुगमन गर्ने व्यवस्था नभएको । | सडकहरुको निर्माण कार्यमा गुणस्तर कायम गर्न, सडक मर्मत गर्ने निकायहरु बीच समन्वय गरी मर्मत कार्य प्रभावकारी बाउन, सडक बिग्रेर यातायातमा कठिनाई भएको सम्बन्धी सूचना लिने र सो बमोजिम सुनुवाई भई अनुगमन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २१ | **चक्रपथ निर्माण —** चक्रपथ निर्माण कार्यमध्ये सडकको विभिन्न खण्डमा सर्भिस ट्र्याक निर्माण, सडक सुरक्षा पेटी, जेब्रा क्रसिङ्, सडक बत्ती, ट्राफिक संकेत, आकाशे पुल र ग्रीन बेल्ट निर्माण कार्य आंशिक रुपमा सम्पन्न भएको । | चक्रपथ सडकको विभिन्न खण्डमा सर्भिस ट्र्याक निर्माण, सडक सुरक्षा पेटी, जेब्रा क्रसिङ्, सडक बत्ती, ट्राफिक संकेत, आकाशे पुल र ग्रीन बेल्ट निर्माण कार्य चालु आ.ब. भित्र सम्पन्न गर्न निर्देशन दिने । |
| २२ | **लागतमा संशोधन -** आशयपत्र स्वीकृत भई परामर्शदाता छनौट प्रक्रियामा रहेको अवस्थामा सुपरभिजन अवधि २० महिनाबाट बढाई ३६ महिना गरेको, आर्थिक प्रस्तावको सूचना भइसकेपछि लागत अनुमान संशोधन गरी थप लागत अनुमान कायम गरेको, संशोधित लागत अनुमान तयार गर्दा समावेश गर्न नमिल्ने १५ प्रतिशन ओभरहेड समावेश गरेकोले भुक्तानी दिन नमिल्ने । | पदाधिकारीलाई सचेत गराउने र अब आइन्दा ओभरहेड समावेश नगर्न निर्देशन दिने । |
| २३ | **अधुरो ठेक्का -** | *** |
| २३.१ | खरिद सम्झौताको म्याद समाप्त हुँदासम्म कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीसँग खरिद सम्झौताको शर्त र सार्वजनिक खरिद ऐन बमोजिम समयमै कार्य सम्पन्न गराउनु पर्ने । | खरिद सम्झौताको म्याद समाप्त हुँदासम्म कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीसँग खरिद सम्झौताको शर्त र सार्वजनिक खरिद ऐन बमोजिम समयमै कारबाही गरि कार्य सम्पन्न गर्न गराउन निर्देशन दिने । |
| २३.२ | डिभिजन सडक कार्यालय, बुटवलअन्तर्गतका विभिन्न समयमा भएका पुल निर्माणको ठेक्का सम्झौताको म्याद सम्पन्न भइसक्दा पनि प्रगति न्यून रहेको । | विस्तृत छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| २३.३ | मध्यपहाडी लोकमार्ग आयोजना-पूर्वी खण्डका विभिन्न खोलामा निर्माणका लागि खरिद सम्झौता भई भुक्तानी भए पनि कार्य सम्पन्न नभएको, सम्झौतामा भएको डिजाइन परिवर्तन भएको उल्लेख गरी रु. ३४ लाख ४५ हजारको भेरिएसन आदेश जारी भएकोमा हालसम्म ६२.४७ प्रतिशत मात्र प्रगति भएको । | निर्धारित समयमै काम सम्पन्न गर्न गराउन निर्देशन दिने । |
| २३.४ | विभाग मातहतका ४३ कार्यालयले खरिद सम्झौताबमोजिम ठेक्काको कार्य सम्पन्न नगरेका । | छानविन गरी एक महिनाभित्र विस्तृत विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २३.५ | सम्झौताको म्याद समाप्त हुँदासम्म कार्य सम्पन्न नगर्नेलाई सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम कारवाही गर्नु पर्ने । | तीन महिना भित्र कानून बमोजिम कारावाही गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| २३.६ | खरिद सम्झौता अन्त्य गर्ने निर्णय गर्दा बाँकी काम गराउन लाग्ने रकम असुल गरेको र निर्माण व्यवसायीलाई कालोसूचीमा राखेको कुरा उल्लेख नभएको, विगत वर्ष ठेक्का भएका १५ सम्झौता सम्बन्धित निर्माण व्यवसायीले कार्यान्वयन नगरेकोले यसमा राखेको रु. २१ लाख २५ हजार कार्य सम्पादन जमानत जफत गरी निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न पत्राचार नभएको । | खरिद सम्झौता अन्त्य गर्ने निर्णय गर्दा निर्माण व्यवसायीलाई कालोसूचीमा नराख्ने पदाधिकारीलाई सचेत गराउने र निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २३.७ | सम्झौताअनुसार काम नगर्ने निर्माण व्यवसायीबाट रु. ७० लाख ८३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनु पर्ने । | तीन महिना भित्र छानविन गरी असुल पुपर गर्न पर्ने भए असुल उपर गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २३.८ | निर्माण व्यवसायीले सम्झौता एवं कार्यतालिका बमोजिम कार्य नगरेकोले पूर्वनिर्धारित क्षतिपूर्ति रु. ६७ लाख ८० हजार असुल गर्नु पर्ने, कार्य सम्पादन जमानत र मोबिलाइजेसन पेस्की जमानतको म्याद समाप्त भइसकेकोले सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम कारवाही हुनु पर्ने । | कार्य सम्पन्न भए नभएको एकिन गरी सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम कारवाही गर्नुपर्ने भए सम्पन्न गरी एक महिना भित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २३.९ | डिभिजन सडक कार्यालय, बुटवलले २ वर्षमा पुलहरु निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा ४ वर्ष ५ महिनासम्ममा करिब ५० प्रतिशत सम्पन्न गरेको । | अनुगमन गरी कार्य सम्पन्न भए नभएको यकिन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| २३.१० | समयमै सडक निर्माण कार्य सम्पन्न नहुँदा भुक्तानी भएको मोबिलाइजेसन पेस्की र बिलको भुक्तानी उपलब्धिविहीन भएको । | अनुगमन गरी कार्य सम्पन्न भए नभएको यकिन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २३.११ | डिभिजन सडक कार्यालय, सुर्खेत अन्तर्गतको सडक निर्माण कार्य निर्माण शुरु भएको १२ वर्षसम्म पनि सम्पन्न नभएको । | पुराना अधुरा आयोजना प्राथमिकतामा राखी बजेट विनियोजन गर्न र निर्माण कार्य समयमै सम्पन्न गर्न निर्देशन दिने । |
| २३.१२ | डिभिजन सडक कार्यालय, दोलखाले विगतमा ठेक्का सम्झौता भई काम नभएका, पटक पटक म्याद थप गरी गरेको खर्च रु. ४० करोड २६ लाख ७८ हजार उपलब्धिविहीन भएकोले पूर्वनिर्धारित क्षतिपूर्ति लिई काम सम्पन्न गराउनु पर्ने । | तीन महिना भित्र स्थलगत अनुगमन र छानविन गरी सार्वजनिक खरिद ऐन र नियमावली अनुरुप असुल उपर गर्नुपर्ने भए गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २३.१३ | डिभिजन सडक कार्यालय, काठमाडौंले जिम्मेवारी सरेको खरिद सम्झौतामध्ये २११ को म्याद समाप्त भएको र सोमध्ये १०८ खरिद सम्झौताको कार्य सम्पादन जमानत र २१ ठेक्काको रु. २ करोड ८० लाख ७५ हजार पेश्की जमानतको म्याद समाप्त भई जोखिममा परेको । | कार्य सम्पादन भए नभएको, कार्य सम्पादन जमानत र पेश्की जमानतको म्याद थप भए नभएको एकिन गरी एक महिना भित्र बिस्तृत विवरण र कागजात समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.१४ | गाईघाट दिक्तेल सडक योजना अन्तर्गत निर्माण हुने सबै खण्डको खरिद सम्झौता भएतापनि विभिन्न स्थानमा निर्माण गर्नु पर्ने पुलको विस्तृत आयोजना प्रतिवेदन तयार गरी काम अघि नबढाउनाले बर्षेनी बेलिब्रिज राख्न र झिक्ने काममा बजेट खर्च भइरहेको र वर्षैभरी सवारी साधन चल्न नसकेको । | समयमै पुलको बिस्तृत आयोजना प्रतिवेदन तयार गर्न र निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| २३.१५ | धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली –हेटौंडा सडक योजनाले १० पुलको निर्माण कार्य अघि नबढाएको, सडक निर्माणको काम सकिएपनि पुलको कारण सडकको उपयोगमा वाधा पुग्ने देखिएको । | प्राथमिकतामा राखी उल्लिखित पुल निर्माण कार्य तत्काल अघि बढाउन र सडक संचालनमा ल्याउन निर्देशन दिने । |
| २३.१६ | डिभिजन सडक कार्यालय, कञ्चनपुर सम्झौता अनुसार निर्माण गर्नु पर्ने सबै पुलको निर्माण नगरेको, दोदा नदीमा रु. २४ करोडको कबोल अङ्कमा १७० मिटर लामो पुल निर्माण गर्न खरिद सम्झौता भएकोमा ३ वटा पिलर मात्र निर्माण गरी काम अधुरो छाडेको । | सम्झौता अनुसार निर्माण गर्नु पर्ने सबै पुलको निर्माण गरि गराई समितिलाई जानकारी दिन र निर्माण कार्य अधुरो छाड्ने कम्पनीलाई कानुनी कारबाही गरी तीनमहिना भित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| २३.१७ | जनकपुर परिक्रमा व्यापारिक मार्ग विस्तार आयोजनामा मूल्य समायोजन सहित रु. १७ करोड ७ लाख ३७ हजार खर्च भई शुरु सम्झौताको अवधि समाप्त हुँदा पनि काम पूरा नभएको । | यथार्थ स्थिति अनुगमन गरी काम सम्पन्न गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २३.१८ | डिभिजन सडक कार्यालय, भरतपुरले सम्झौता अनुसार समयमै पुल निर्माणको कार्य सम्पन्न नगरेको, चितवन जिल्लातर्फको खण्डमा एप्रोचसडक यकिन नगरी पुल निर्माण कार्य भइरहेको र पहिले निर्माण भएको एबुटमेन्टसमेत खोलाको धार परिवर्तन भई कटान हुने अवस्थामा रहेको । | सम्झौता अनुसार समयमै पुल निर्माणको कार्य सम्पन्न नगरेको, चितवन जिल्लातर्फको खण्डमा एप्रोचसडक यकिन नगरी पुल निर्माण कार्य भइरहेको र पहिले निर्माण भएको एबुटमेन्टसमेत खोलाको धार परिवर्तन भई कटान हुने अवस्थामा रहेको सम्बन्धमा छानविन गरी एकमहिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २४ | **मातहतको ठेक्का बन्दोबस्त-** मातहत निकायबाट भए गरेका कामको अनुगमन र निरीक्षण गरी कमी कमजोरी सुधार्नु पर्ने निकायले मातहत कार्यालयको क्षेत्राधिकारभित्रको खरिद व्यवस्थापन कार्यमा संलग्न हुनु सुपरिवेक्षण र नियन्त्रणको सिद्धान्त विपरित रहेको । | आब आइन्दा केंद्रीय निकायबाट गर्ने भनिएका आयोजना बाहेक सबै आयोजना मातहतका सम्बन्धित निकायबाट खरिद व्यवस्थापन कार्य गर्न गराउन तथा माथिल्लो निकायबाट नियमित रूपमा अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २५ | **कन्टिन्जेन्सी खर्च -** | *** |
| २५.१ | सडक विभागले मातहत कार्यालयलाई खर्च गर्ने अख्तियारी दिएको रकम आफैंले लिई खर्च गरेको । | अब आइन्दा मातहत कार्यालयलाई खर्च गर्ने अख्तियारी दिएको रकम सम्बन्धित तह बाटै खर्च गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २५.२ | खर्च गरेर बाँकी रहेको रु. ११ करोड १२ लाख ७५ हजार रकम सञ्चित कोष दाखिला नगरेको । | उल्लिखित रकम संचित कोष दाखिला गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २५.३ | विभाग र मातहतका कार्यालयले खर्च कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा खर्च प्रविष्ट र ठेक्कागत खर्चको अभिलेख नराखेको । | विभाग र मातहतका कार्यालयले खर्च कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा खर्च प्रविष्ट र ठेक्कागत खर्चको अभिलेख राख्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २५.४ | विभागले खर्च गर्न अख्तियारी प्रदान गरेको बजेटको २ प्रतिशत फिर्ता माग गरी | अब आइन्दा सार्वजनिक खरिद नियमावलीको परिधि भित्ग्र रही विकास |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | खर्च गरेकोले सम्बन्धित कार्यालयले निर्माण कार्यको बजेट खर्च गर्न नसकेको अवस्थामा नियमावलीले तोकेको सीमाभित्र रहेर कन्टिन्जेन्सी खर्च हुन सक्ने नदेखिएको । | निर्माण कार्यमा खर्च भएको रकमको आधारमा मात्र कन्टिन्जेन्सी सम्बन्धी निर्देशिका बमोजिम खर्च गर्न गराउन निर्देशन दिने । |
| २५.५ | मन्त्रालय मातहतका निकायले कन्टिन्जेन्सी रकम खर्च गर्दा स्वीकृत निर्देशिकाको कार्यान्वयन नगरेको, जिन्सी मालसामान हस्तान्तरण गर्दा स्वीकृत म.ले.प. फाराम भरी हस्तान्तरण एवं जिन्सी अद्यावधिक नगरेको । | अब आइन्दा कन्टिन्जेन्सी रकम खर्च गर्दा स्वीकृत निर्देशिकाको पूर्ण पालना गर्न र जिन्सी मालसामान हस्तान्तरण गर्दा स्वीकृत म.ले.प. फाराम भरी हस्तान्तरण एवं जिन्सी अद्यावधिक गर्न गराउन निर्देशन दिने । |
| २६ | **पूँजीगत लाभकर –**महाकाली पुल आयोजना, कञ्चनपुरले ३० लाखभन्दा बढीको सम्पत्ति निसर्ग गर्ने १८ व्यक्तिबाट पूँजीगत लाभकर वापत रु. ३४ लाख ८६ हजार असुल गर्नु पर्ने । | सम्बन्धित मालपोत कार्यालय संग समन्वय गरी छानविन गरी नियमानुसार असुल उपर गर्नुपर्ने भए सम्बन्धितबाट असुल उपर गर्न गराउन निर्देशन दिने। |
| २७ | **परामर्श सेवा -** | *** |
| २७.१ | लागत अनुमानमा सारभूत फरक पार्ने गरी अनुमान तयार गर्ने परामर्शदातालाई जिम्मेवार बनाउनु पर्ने । | अब आइन्दा परमार्शदाता छनोट गर्दा गुणस्तरीय परामर्श प्राप्त हुने गरी मापदण्ड तय गर्न र परामर्शदातालाई जिम्मेवार बनाउने गरी आवश्यक कानुनी व्यवस्था गर्न निर्देशन दिने । |
| २७.२ | रु. ९ करोड १९ लाख ७४ हजार बढीको लागत अनुमान कायम गर्ने परामर्शदातालाई जिम्मेवार बनाउनु पर्ने । | अब आइन्दा परमार्शदाता छनोट गर्दा गुणस्तरीय परामर्श प्राप्त हुने गरी मापदण्ड तय गर्न र परामर्शदातालाई जिम्मेवार बनाउने गरी आवश्यक कानुनी व्यवस्था गर्न निर्देशन दिने । |
| २७.३ | ३ परामर्शदाताको ३६ महिना सेवा अवधिमा ६३ महिनासम्म थप गरेको, सम्झौता रकममा रु. १२ करोड ९२ लाख ३३ हजार थप हुँदासम्म पनि निर्माणमा ढिलाइका कारण परामर्शदाता लागत बढ्ने देखिएको । | मितव्ययी हुनेगरी परामर्श सेवा लिने व्यवस्था गर्न निर्देशन दिने । |
| २७.४ | मन्त्रालय अन्तर्गत सञ्चालित आयोजनामा परामर्श सेवामा ५.३० देखि ३१.०८ प्रतिशतसम्म खर्च गरेको । | अब आइन्दा परियोजनाका लागि आवश्यक परामर्श सेवाको प्रकृति हेरी निश्चित मापदण्ड अपनाई परामर्श सेवाको खर्च नियन्त्रण गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| २८ | **समन्वय र निर्माणस्थल -** | *** |
| २८.१ | डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट बागमती नदीको सिनामंगल पुल निर्माणको लागि रु. ७ करोड ९० लाख १५ हजारमा २०७५/७/२९ सम्म कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा सडक विभाग, काठमाडौं उपत्यका खानेपानी लिमिटेड तथा नेपाल विद्युत प्राधिकरणको समन्वयको अभावमा हाल सम्म काम सम्पन्न नभएको । | सम्बन्धित निकाय संग समन्वय गरी निर्धारित समयमा कार्य सम्पन्न गरी समितिमा प्रतिवेदन दिन निर्देशन दिने । |
| २८.२ | मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालयले विभिन्न ६ सडकको लागि खरिद सम्झौता गर्दा उपत्यकाभित्रका सडकका अवस्था, निर्माणस्थलको उपलब्धता तथा अन्य निकायसंगको समन्वय नगर्नाले रु. १ करोड ४३ लाख ९ हजार खर्च उपलब्धिविहीन भएको । | सम्बन्धित निकायसँग समन्वय गरी दोहोरो नपर्ने गरी कार्य सम्पन्न भए नभएको यकिन गरी तीन महिना भित्र बिस्तृत विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| २८.३ | डिभिजन सडक कार्यालय, भक्तपुरले निर्माण स्थलको व्यवस्था नगरी खरिद कारवाही शुरु गर्नाले निर्माणस्थलको विवादका कारण रु. ३० करोड ७२ लाख ५८ हजारका ५ खरिद सम्झौतामा रु. २० करोड २० लाख ७२ हजार भुक्तानी भइसक्दा पनि काम सम्पन्न नभएको । | कार्य सम्पन्न भै सकेको जनाएकोले सो को प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २८.४ | डिभिजन सडक कार्यालय, दोलखाले बाह्रबीसे-धुस्कुन सडक निर्माणका लागि २०७३/३/३२ मा सम्पन्न हुने गरी भएको सम्झौता २०७५/३/३ सम्ममा जम्मा ४३.७२ प्रतिशत मात्र काम सम्पन्न भएको । | छानविन गरी एक महिनाभित्र स्थिति प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| २८.५ | सेती लोकमार्ग आयोजना, अछामले बोनियादेखि ठूलीगाडसम्मको ४० कि.मी. सडक निर्माणका लागि खरिद सम्झौता गरी मोबिलाइजेसन पेस्की रु. ३ करोड दिइसकेकोमा वातावरणीय प्रभाव मूल्याङ्कन नगरेका कारण काम शुरु हुन नसकेको । | यथाशीघ्र सबै प्रक्रिया पूरा गरी निर्धारित समयमा कार्य सम्पन्न गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २८.६ | भक्तपुर-नगरकोट सडक खण्डको निर्माण कार्यका लागि खरिद सम्झौता गर्दा | हालको स्थिति प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | निर्माण स्थलको व्यवस्था नगरेको । | |
| २८.७ | डिभिजन सडक कार्यालय, काठमाडौं, २ ले पटक पटक म्याद थप गर्दा पनि निर्माणस्थलमा बिजुलीको पोल, ह्युम पाइप हटाउन नसकेका कारण आयोजना सम्पन्न नभएको । | निर्माणस्थलको अवरोध हटाई उल्लिखित अधुरो निर्माण कार्य सम्पन्न गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २९ | **बहुवर्षीय ठेक्का स्वीकृति –** डिभिजन सडक कार्यालय दाङ्, गाईघाट दिक्तेल सडक योजना र मध्य पहाडी लोकमार्ग आयोजना पश्चिम खण्डले १० खरिद सम्झौता गरेकोमा बहुवर्षीय खरिद सम्झौता गर्ने स्वीकृति नलिएको । | बहुवर्षिय खरिद सम्झौता गर्ने स्वीकृति लिएको देखिएकोले उक्त निर्माण कार्य समयमै सम्पन्न गर्ने गरी कार्य अघि बढाउन निर्देशन दिने । |
| ३० | निर्माण कार्यमा दोहोरो परेको – काठमाडौं उपत्यकामा खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय र सडक विभाग बीच काममा दोहोरोपन रहेको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ३१ | निर्माण क्रममा क्षति – डिभिजन सडक कार्यालय, काठमाडौं १ बाट रु. १ करोड ५६ लाख ८९ हजार बराबरको पाइप क्षति भई थप अनुत्पादक दायित्व सिर्जना भएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने । | अब आइन्दा निर्माण कार्य गर्दा पर्याप्त सावधानी अपनाई थप अनुत्पादक दायित्व सिर्जना नहुने गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |
| ३२ | **पूर्वनिर्धारित क्षतिपूर्ति -** | *** |
| ३२.१ | डिभिजन सडक कार्यालय, लहानले गरेको खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न नभएको भनी पेस्की जमानतको रकम असुल गरे पनि पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेको । | एक महिनाभित्र पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ३२.२ | बनेपा-सिन्धुली-बर्दिवास सडकको आवधिक मर्मत कार्य सम्झौता बमोजिम नगर्ने निर्माण व्यवसायीबाट जमानत जफत गरी बाँकी कार्य गर्न लाग्ने रकम यकिन गरी पूर्वनिर्धारित क्षतिपूर्ति रु. ९५ लाख ६८ हजारसमेत थप गरी असुल गर्नु पर्ने । | छानविन गरी पूर्व निर्धारित क्षतिपूर्ति तथा जमानत जफत गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ३२.३ | मध्य पहाडी लोकमार्ग, आयोजना, दाङ्ले सम्झौता बमोजिम काम नगर्ने निर्माण | छानविन गरी पूर्व निर्धारित क्षतिपूर्ति तथा जमानत जफत गरी समितिलाई |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी काम गराउने वा खरिद सम्झौताको अन्त्य गरी जमानत जफत तथा बाँकी निर्माण कार्य गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल गर्ने बारे प्रक्रिया अघि नबढाएको । | जानकारी गराउन निर्देशन दिने । |
| ३२.४ | विभिन्न सडक आयोजनामा निर्माण व्यवसायीले तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेको तथा म्याद थपसमेत नभएको कारण पूर्वनिर्धारित क्षतिपूर्ति रु. ३ करोड ३५ लाख बिलबाट कट्टा गरी धरौटी खातामा राखेको रकम सञ्चित कोषमा दाखिला गर्नुपर्ने । | नियमानुसार फरफारक गर्न निर्देशन दिने । |
| ३२.५ | सम्झौताको शर्तबमोजिम निर्माणका चरण उल्लेख भए अनुसारको निर्माण कार्य सम्पन्न नभएकोले ०.०१ प्रतिशतका दरले रु. २ करोड १२ लाख ७८ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने । | छानविन गरी असुलउपर गर्नुपर्ने भए असुल गर्न र अन्यथा कार्य सम्पन्न भए नभएको यकिन गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३२.६ | धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौंडा सडक योजनाको पूर्वी खण्डमा सम्झौता अनुसार काम नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति रकम र कार्य सम्पादन जमानत वापतको रकम असुल गर्नुपर्ने । | पूर्व निर्धारित क्षतिपूर्ति र कार्य सम्पादन जमानत वापतको रकम नियमानुसार असुलउपर गर्न निर्देशन दिने । |
| ३२.७ | डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट पुल निर्माण गर्ने गरी ठेक्का सम्झौता भएकोमा म्याद समाप्त हुँदासम्म डिजाइनको काम मात्र भएकोले पूर्वनिर्धारित क्षतिपूर्ति वापतको रकम र पेस्कीसमेत फिर्ता गर्नुपर्ने । | पूर्व निर्धारित क्षतिपूर्ति तथा पेश्की असुल गरी उक्त कम्पनीलाई कालोसुचीमा राख्न र वैकल्पिक प्रक्रिया अपनाई निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| ३२.८ | पुल निर्माण गर्न ठेक्का सम्झौता भएकोमा म्याद समाप्त हुँदासम्म काम सम्पन्न नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति वापतको सबै रकम र पेस्की जमानत समेत असुल गर्नुपर्ने । | उल्लिखित पूर्व निर्धारित क्षतिपूर्ति र पेश्की जमानत असुल गरेको जनाएकोले उक्त निर्माण कार्य यथाशीघ्र सम्पन्न गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३२.९ | मध्यपहाडी लोकमार्ग आयोजना-पूर्वी खण्ड अन्तर्गत भएको ठेक्कामा म्याद थप गर्दासमेत कार्य सम्पन्न नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति वापतको रकम असुल गरी बाँकी काम गर्नुपर्ने । | नियमानुसार म्याद थप भए नभएको यकिन गरी पूर्व निर्धारित क्षतिपूर्ति असुली तथा अन्य कानूनी कारवाही गर्न र आयोजना निर्धारित समयमै सम्पन्न गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ३२.१० | एघार किलो-छेपेटार-बारपाक सडक आयोजना, गोरखाले सम्झौता बमोजिम काम सम्पन्न नगर्ने व्यवसायीबाट रु.३ करोड २९ लाख ७३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने । | छानविन गरी नियमानुसार निर्माण व्यवसायीबाट पूर्व निर्धारित क्षतिपूर्ति असुलउपर गर्न र हिसाब फरफारक गरी समयमै निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| ३२.११ | हुलाकी राजमार्ग योजना कार्यालय, बाँकेले राप्ती एप्रोच सडकमा पर्ने पुल निर्माणका लागि ठेक्का सम्झौता भएकोमा तोकिएको अवधि सम्पन्न भइसक्दा पनि कार्य सम्पन्न नभएकोले पूर्व निर्धारित क्षतिपूर्ति वापतको रकम असुल गर्नुपर्ने । | म्याद थप भएको जनाएकोले उक्त निर्माण कार्य समयमै सम्पन्न रगर्ने गरी अनुगमन गर्न र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३३ | **भेरियसन -** | *** |
| ३३.१ | डिभिजन सडक कार्यालय, भक्तपुरले खरिद सम्झौताको लागत अनुमान महानिर्देशकले स्वीकृत गरेकोमा नियम विपरित क्षेत्रीय निर्देशकले भेरियसन आदेश स्वीकृत गरी सम्झौता रकम रु. १९ करोड ५ लाख ३२ हजार कायम गरेको । | उक्त भेरियसन आदेश जारी गर्न कार्य नियमानुसार नै भएको जनाएकोले केही गर्नु नपर्ने । |
| ३३.२ | डिभिजन सडक कार्यालय, बैतडीले एक स्थानमा काम गर्न भएको सम्झौता विपरित अर्को स्थानमा काम गरेको देखाई रु. ४ करोड ६ लाख १५ हजार भुक्तानी दिएकोमा भेरियसन आदेश जारी नभएको, तोकिएको काम नगरी भुक्तानी दिनेलाई जिम्मेवार बनाउनु पर्ने । | तोकिएको काम नगरी भेरियसन आदेश जारी नगर्दै अन्य स्थानमा काम गरेको देखाएर भुक्तानी गर्ने पदाधिकारीलाई कानूनी कारवाही गर्न निर्देशन दिने । |
| ३३.३ | विभिन्न आयोजनाहरुले विभिन्न आइटममा सम्झौताभन्दा बढी परिमाणको काम भएकोमा भेरियसन आदेश जारी नगरी सम्झौताभन्दा रु. ४३ करोड २० लाख ९१ हजार थप भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनु पर्ने । | भेरियसन आदेश जारी गर्नु पर्ने वा नपर्ने छानविन गरी एक महिनाभित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३३.४ | काठमाडौं उपत्यका बिस्तार आयोजनाले भेरियसन आदेश स्वीकृत नगरी रु. ८० लाख ७५ हजार भुक्तानी गरेकोमा कानुन सम्मत नभएको । | भेरियसन स्वीकृत भए नभएको यकिन गरी एक महिनाभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ३४ | **मूल्य अभिवृद्धि कर -** | *** |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ३४.१ | विभाग अन्तर्गतका २४ कार्यालयले रितपूर्वक कर बिजक पेश नगरेका ४० निर्माण व्यवसायीलाई रु. ५ करोड १६ लाख १ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएको । | भुक्तानी भएको मूल्य अभिवृद्धि कर सम्बन्धमा छानविन गरी कर बिजक पेश गर्न लगाई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३४.२ | निर्माण व्यवसायीले आन्तरिक राजस्व कार्यालयमा मासिक कर विवरण नबुझाई ननफाइलर देखाएको हुँदा कार्यालयबाट भुक्तानी दिएको मूल्य अभिवृद्धि कर र समयमा विवरण नबुझाए वापत लाग्ने जरिवाना समेत असुल गर्नुपर्ने । | कर समायोजनको प्रमाण पत्र पेश गर्न लगाई सोही अनुसार मूल्य अभिवृद्धि कर र जरिवाना असुल गर्नुपर्ने भए असुल गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३४.३ | डिभिजन सडक कार्यालय, कञ्चनपुर अन्तर्गतका निर्माण व्यवसायीले मूल्य अभिवृद्धि करमा दर्ता नभए पनि कर बिजक जारी गरी रु. १३ लाख ८९ हजार मूल्य अभिवृद्धि करसमेत रु. १ करोड २० लाख ७१ हजार भुक्तानी भएको रकम निजहरुबाट जरिवानासमेत असुल गर्नुपर्ने । | मूल्य अभिवृद्धि करमा दर्ता भएको र कर बिजक जारी भएको प्रमाण पेश गरेकोले असुलउपर गर्नु नपर्ने । बेरुजु लगत हटाउने । |
| ३४.४ | मूल्य अभिवृद्धि करमा दर्ता नभएका ठेकाका निर्माण व्यवसायीलाई भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रु. १ करोड ५५ लाख ८० हजार असुल गर्नुपर्ने। | मु.अ.कर समायोजन पत्र पेश गर्न लगाई छानविन गरी हिसाब फरफारक गर्न निर्देशन दिने । |
| ३५ | **खरिद सम्झौताको अन्त्य -** | *** |
| ३५.१ | समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीसँगको खरिद सम्झौता अन्त्य गरी निजले राखेको जमानत रकम रु. १ करोड ८९ लाख ६० हजार जफत गरी बाँकी कार्य गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल नगरेको । | निर्माण सम्बन्धमा म्याद थप गरेको बाहेक अन्यको हकमा जमानत रकम जफत गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ३५.२ | सम्झौताको शर्त बमोजिम कार्य नगर्ने निर्माण व्यवसायीसँग असुलउपर गर्नुपर्नेमा नगरेको । | एक महिनाभित्र सम्झौताको सर्त अनुसार असुलउपर गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३५.३ | डिभिजन सडक कार्यालय, तुलसीपुरले समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीले राखेको धरौटी वापतको रकमबाट सरकारी बाँकी सरह असुल गर्ने निर्णय भएकोमा धरौटी रकम दाखिला नगरेको तथा बाँकी रकम असुल | एक महिनाभित्र सम्झौताको सर्त अनुसार असुलउपर गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | नभएको। | |
| ३६ | **बीमा** — बीमा रकम कार्य परिमाण सूचीको लमसममा राखी निर्माण व्यवसायीले कबोल गरेको रकम भुक्तानी दिएको, ठेक्काको बी.ओ.क्यू. मा फण्ट लोडिङ् भएको कारण बीमाको लागि बढी भएको, २ कार्यालयले निर्माण व्यवसायीलाई घटी अवधिको बीमा गराएकोमा समेत पुरै कबोल अङ्क रु. १ करोड ६० लाख नियमविपरित भुक्तानी गरेको रकम असुल गर्नुपर्ने । | सम्झौता अनुरुप नियमानुसार गर्न गराउन निर्देशन दिने । |
| ३७ | **प्रोभिजनल सम -** | *** |
| ३७.१ | रु. १ करोड ४९ लाख ४४ हजार प्रोभिजनल समवापत निर्माण व्यवसायीलाई भुक्तानी दिएकोमा लागत अनुमान स्वीकृत नगरेको एवं खर्चको बिल भरपाई कार्यालयमा पेश नगरेको । | लागत अनुमान स्वीकृत गरे नगरेको यकिन गरी खर्चको बिल भरपाई पेश गर्न लगाई समितिमा जानकारी दिन निर्देशन दिने । |
| ३७.२ | लागत अनुमान स्वीकृत नगरेको, कार्यादेश नदिएको तथा नापी किताब समावेश नगरी भुक्तानी दिएको । | आवश्यक कागजात समितिमा पेश गर्न निर्देशन दिने । |
| ३८ | **मूल्य समायोजन -** | *** |
| ३८.१ | सम्झौताबमोजिम कार्य सम्पन्न नगरेको अवस्थामा रु. ४४ लाख ३१ हजार मूल्य समायोजन भुक्तानी दिएको नियमसम्मत नदेखिएको । | निर्माण कार्यको अनुगमन गरी मूल्य समायोजन भुक्तानी दिएको सम्बन्धमा छानविन गरी समितिमा जानकारी गराउन निर्देशन दिने । |
| ३८.२ | खरिद सम्झौतामा बढी प्रतिशत भार कायम गरी सम्झौता गर्नेलाई जिम्मेवार बनाई भुक्तानी भएको रकम असुल गर्नुपर्ने । | प्रमाण पेश गरी बेरुजु फछ्र्यौटको लागि समितिमा एक महिनाभित्र जानकारी गराउन निर्देशन दिने । |
| ३८.३ | हुलाकी राजमार्ग योजना कार्यालय, जनकपुरले खरिद सम्झौता विपरित फरक भार दिई गणना गरेकोले बढी भुक्तानी भएको रु. २० लाख २६ हजार असुल गर्नुपर्ने । | बिलबाट सच्चाएको जनाकएको हुँदा कागजात पेश गर्न निर्देशन दिने । |
| ३८.४ | मध्य पहाडी लोकमार्ग आयोजनाले निर्माण चरण अन्तर्गत ३५ प्रतिशत कार्यको | म्याद थप भए नभएको यकिन गरी छानविन गरेर मूल्य समायोजन भुक्तानी |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | मूल्य समायोजन गर्दा माइलस्टोन १ को अन्तिम अवधिको सूचङ्कालाई आधार नलिई १३ ठेक्कामा रु. २ करोड ५५ लाख ९९ हजार मूल्य समायोजन भुक्तानी गरेको रकम असुल गर्नुपर्ने । | गरेको रकम असुल गर्नुपर्ने भए असुल गरी तीन महिनाभित्र समितिमा जानकारी गराउन निर्देशन दिने । |
| ३८.५ | निर्माण व्यवसायीले म्यादमा काम नगरेको तथा खरिद सम्झौताको म्याद थप नभएकोमा मूल्य समायोजन भुक्तानी दिएको नियमसम्मत नभएको । | कागजात समितिमा पेश गरी एक महिनाभित्र फरफारक गर्न निर्देशन दिने । |
| ३८.६ | व्यापारिक मार्ग विस्तार आयोजना रुपन्देहीले ३५ प्रतिशत कार्यको मूल्य समायोजन गर्दा माइलस्टोन १ को अन्तिम काम सम्पन्न गर्नुपर्ने महिनाको मूल्य सूचीभन्दा बढी हुने गरी ४ सम्झौतामा रु. १ करोड ५१ हजार बढी मूल्य समायोजन भुक्तानी गरेकोले उक्त रकम असुल गर्नु पर्ने । | छानविन गरी असुलउपर गर्नुपर्ने भए असुल गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ३८.७ | ठेक्का सम्झौता विपरित रु. १ करोड ८६ लाख ९३ हजार बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने । | छानविन गरी असुलउपर गर्नुपर्ने भए असुल गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ३८.८ | डिभिजन सडक कार्यालय, दोलखाले एक ठेक्कामा म्याद थप भएको अवधिको मूल्यसूची अनुसार भुक्तानी दिएको मूल्य समायोजन र मोबिलाइजेसन पेस्कीमा समेत मूल्य समायोजन भएको रु. ४४ लाख ८४ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने । | उल्लिखित रकम असुलउपर गरी एक महिनाभित्र समितिमा कागजात पेश गर्न निर्देशन दिने । |
| ३९ | **दोहोरो सम्झौता -** | *** |
| ३९.१ | मालढुंगा बेनी सडक र कुस्मा बाग्लुङ् सडक मध्यपहाडी लोकमार्ग आयोजनालाई-पश्चिम खण्ड हस्तान्तरण भइसकेपछि पनि रु. १ करोड ५६ लाख १९ हजार भुक्तानी गरेकोमा सोही सडक बिस्तार गर्दा उक्त कार्य नष्ट भएकोले अनावश्यक व्ययभार बढेको । | अब आइन्दा निर्माण कार्य गर्दा विभिन्न निकायले एक आपसम दोहोरो नपर्ने गरी खरिद सम्झौता गर्न र भुक्तानीको व्यवस्था गर्न निर्देशन दिने । |
| ४० | **अन्यत्र कार्य -** | *** |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ४०.१ | एकान्तकुना- भनिमण्डल सडक बिस्तारका लागि बिनियोजन भएको रकम बालकुमारी —पिन्छे खण्डमा कार्य गराई रु.६३ लाख १६ हजार भुक्तानी गरेको । | सम्बन्धित पदाधिकारीलाई सचेत गराउने र निर्माण कार्यको अनुगमन गर्न निर्देशन दिने । |
| ४०.२ | काली गण्डकी करिडोर अन्तर्गतको गैंडाको—पिपलडाँडा खण्डमा सम्झौतामा उल्लेख भएभन्दा बाहिरको चेनेजमा १४ हजार १४६ घन मिटर कार्य गराएको, चट्टानयुक्त साँघुरो स्थानमा कार्य नगरी बाहिरको सजिलो चेनेजमा काम गराई भुक्तानी दिनेलाई जिम्मेवार बनाउनु पर्ने । | सम्झौतामा उल्लेख भए बमोजिमको काम कारवाही गर्न लगाई सम्बन्धित कार्यको अनुगमन गरी त्यसको मूल्यांकन पश्चात् मात्र भुक्तानीको व्यवस्था गर्न निर्देशन दिने । |
| ४१ | **एज बिल्ट नक्सा —** एज बिल्ट नक्सा पेश नगरेको अवस्थामा भुक्तानी रोक्का राख्नु पर्नेमा सो नभई सबै रकम रु. २ करोड १३ लाख भुक्तानी भएकोमा नक्सा पेश नगर्नेबाट उक्त रकम असुल गर्नु पर्ने । | छानविन गरी एज बिल्ट नक्सा पेश गरे नगरेको यकिन गरी रकम असुल गर्नुपर्ने भए सो समेत गरी एक महिनाभित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ४२ | **ठेक्का ओभरल्याप -** | *** |
| ४२.१ | खरिद सम्झौताको कार्य गर्दा एक अर्कामा नखप्टिने गरी एकै प्रकृतिको कार्य दुई वा सोभन्दा बढी सम्झौताबाट भुक्तानी नहुने गरी व्यवस्थापन गर्नु पर्ने । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ४२.२ | सडक निर्माण स्थल तथा कार्यमा ओभरल्याप हुने गरी रु. १७ करोड ५३ लाख ५५ हजार लागत अनुमान गरी खरिद कारबाही शुरु गरेको । | निर्माण कार्यको ओभरल्याप भए नभएको यकिन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ४२.३ | कान्ति लोकपथ योजना अन्तर्गत ललितपुर खण्डमा चेनेज ओभरल्याप हुने गरी खरिद कारवाही अघि बढाएको । | निर्माण कार्यको ओभरल्याप भए नभएको यकिन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ४२.४ | उत्तर दक्षिण लोकमार्ग आयोजना, ताप्लेजुङले विभिन्न खण्डको सडक निर्माणमा चेनेज दोहोरो हुने गरी ठेक्का सम्झौता गरेकोले तालुक निकाय तथा योजना कार्यालयले आयोजना व्यवस्थापनमा सुधार गर्नुपर्ने । | निर्माण कार्यको ओभरल्याप भए नभएको यकिन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ४३ | **धरौटी फिर्ता —** उन्नाईस कार्यालयले धरौटी वापत कट्टी गरेको रु. ६ करोड ६६ लाख ३७ हजार कर विवरण पेश गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण बेगर फिर्ता दिएका । | कर विवरण तथा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण एक महिनाभित्र पेश गरी समितिमा जानकारी दिन निर्देशन दिने । |
| ४४ | **दर विश्लेषणमा विविधता** | *** |
| ४४.१ | माटो र चट्टानको प्रकृतिअनुसार दर विश्लेषण गरी वास्तविक कार्यको मात्र नापजाँच गरी भुक्तानी गर्नुपर्नेमा एकमुष्ट दररेट राखी लागत अनुमान तयार गरी भुक्तानी गर्दा आयोजनाले माटोको कार्यमा रु.२ करोड ८० लाख ७० हजार बढी भुक्तानी हुने देखिएको । | सडकको मापदण्ड बनाई लागू गर्न र सबै निकायको एकै प्रक्रियाअनुसार लागत अनुमान तयार गरी खर्च र भुक्तानी गर्न निर्देशन दिने । |
| ४४.२ | फरक दर प्रयोग गरेको कारणबाट एक प्याकेजको लागत अनुमानमा रु.७ करोड ५८ लाख ४२ हजार थप हुन गएको । | वास्तविक खर्च पहिचान गरी एक महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने। |
| ४५ | **बैङ्क जमानत —** | *** |
| ४५.१ | खुटिया—बी.पी.नगर—गडसेरा दिपायल सडक योजनाले २ निर्माण व्यवसायीलाई दिएको रु.३ करोड १२ लाख मोबिलाइजेसन पेस्कीको बैङ्क जमानतको म्याद समाप्त भए पनि थप नगरेको । | छानविन गरी बैंक जमानत पेश गर्न लगाई निर्माण कार्य व्यवस्थित गर्न निर्देशन दिने । |
| ४५.२ | खरिद सम्झौतामा ८० प्रतिशत अवधिमा पेस्की फछ्र्यौट गरी सक्नुपर्ने व्यवस्था भएता पनि बालाजु—रानीपौवा सडकको सम्झौता अवधि ८० प्रतिशतभन्दा बढीसमाप्त भएकोमा सम्झौताअनुसार जमानत रकम रु.२ करोड ५ लाख ४१ हजार जफत गरेको पाइएन । | कारवाही भइसकेको जनाएकोले समितिमा कागजात पेश गर्न निर्देशन दिने । |
| ४५.३ | डिभिजन सडक कार्यालय, दाङ, मध्यपहाडी लोकमार्ग आयोजना पश्चिम खण्ड दाङ र गाईघाट—दिक्तेल सडक आयोजनाले ७ निर्माण व्यवसायीसँग रु. २ अर्ब ३४ करोड ३ लाखको सम्झौता गरेकोमा भेरिएसन आदेशबाट रु. ३१ करोड २८ | कार्य सम्पादन जमानत थप गरी निर्माण कार्यलाई व्यवस्थित गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | लाख वृद्धि गरी सम्झौता रकम रु. २ अर्ब ६५ करोड ३१ लाख कायम भएकोमा रु. १ करोड ५६ लाख कार्य सम्पादन जमानत थप गरेको देखिएन। | |
| ४६ | **मोबिलाइजेसन पेस्की —** | *** |
| ४६.१ | मोबिलाईजेशन पेस्की सम्झौताको समयावधि ८० प्रतिशत पुरा हुँदा पूरै कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा पेस्की बाँकी अमेरिकी डलर ५ लाख ४७ हजारमध्ये १ लाख ३६ हजारमात्र बैङ्कबाट फिर्ता लिएकोले बाँकी ४ करोड २४ लाख ४० हजारसमेत फछ्र्यौट गर्नुपर्ने । | कारवाही भइसकेको जनाएकोले कागजात पेश गर्न निर्देशन दिने । |
| ४६.२ | खरिद सम्झौताका निर्माण व्यवसायीलाई दिएको पेस्की रु.७ करोड ९४ लाख ६९ हजारको जमानतको म्याद समाप्त भएको वर्षौं बितीसकेकोले उक्त पेस्की जोखिममा परेको, यसरी पेस्की जोखिममा पार्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई उक्त पेस्की ब्याजसमेत असुल गर्नुपर्दछ । | छानविन गरी सम्वन्धित पदाधिकारीलाई कानूनी कारवाही गर्न र उल्लिखित पेस्की ब्याजसमेत असुलउपर गरी समितिलाई एक महिनाभित्र जानकारी गराउन निर्देशन दिने । |
| ४६.३ | नियम तथा सम्झौता शर्तभन्दा बढी पेस्की भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार वनाई ब्याजसहित असुल गर्नुपर्दछ । | छानविन गरी सम्बन्धित पदाधिकारीलाई सचेत गराई एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न र अब आइन्दा सम्झौता बमोजिम भुक्तानी गरी काम गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ४७ | **असम्बन्धित खर्च —** | *** |
| ४७.१ | निर्माण व्यवसायीसँग खरिद सम्झौता गर्दा जनरल आइटमअन्तर्गत कार्यालय स्थान उपलब्ध, साइट कार्यालयका लागि फर्निचर, गुणस्तर नियन्त्रण ल्याव, ल्याव उपकरण तथा कार्यालय सहायक र सुरक्षा गार्ड व्यवस्थाका लागि बिल अफ क्वान्टिटीमा समावेश गरी सम्झौता गरेकोमा यस वर्षसम्ममा रु.२ करोड ९ लाख ९२ हजार भुक्तानी गरेको छ । | अब आइन्दा कार्यविधि बनाएर खर्च गर्न तथा नर्म्स र स्टायाण्डर्ड स्वीकृत गराएर मात्र खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ४७.२ | मध्यपहाडी लोकमार्ग आयोजना पश्चिम खण्ड, दाङले ४१ खरिद सम्झौतामा | अब आइन्दा निर्माणसँग असम्बन्धित शीर्षकमा खर्च नगर्न र सम्बन्धित |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | ल्याव उपकरण, इन्जिनियर साइट कार्यालय, मोटरसाइकल खरिद एवं भवन निर्माण गर्न रु.१० करोड ३१ लाख ३ हजारको सम्झौता गरेको छ । | पदाधिकारीलाई सचेत गराउन निर्देशन दिने । |
| ४७.३ | गाईघाट दिक्तेल सडक योजनाले २ खरिद सम्झौता गर्दा बिल अफ क्वान्टिटीमा भवन निर्माण गर्न रु.८३ लाखको खरिद सम्झौता गरेकोमा रु.३८ लाख ३१ हजार भुक्तानी गरेको छ।सार्वजनिक लेखा समितिको निर्णयको विपरीत निर्माण कार्यको ठेक्कामा असम्बन्धित आइटम समावेश गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | सार्वजनिक लेखा समितिको निर्णयानुसार निर्माण कार्यको ठेक्कामा असम्बन्धित आइटम समावेश नगर्न निर्देशन दिने । |
| ४८ | **बढी भुक्तानी** | *** |
| ४८.१ | खरिद सम्झौतामा कबोल गरेकोभन्दा बढी रकम भुक्तानी दिएको मूल्य अभिवृद्धि कर समेत रु.१ करोड २ लाख १ हजार असुल गर्नुपर्दछ । | रनिङ बिलबाट कट्टा गरिसकेको जनाएकोले कागजात पेश गरी फरफारक गर्न निर्देशन दिने । |
| ४८.२ | परिमाणभन्दा बढी परिमाणको भुक्तानी गरेको, सम्झौताभन्दा बढी भुक्तानी दिएको लगायत रु.२ करोड ५२ लाख ५ हजार बढी भुक्तानी दिएकोले यसरी भुक्तानी दिनेपदाधिकारीलाई जिम्मेवार बनाई सो रकम असुल हुनुपर्दछ । | एक महिनाभित्र असुलउपर गर्न तथा सम्बन्धित पदाधिकारीलाई सचेत गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ४९ | **डिजाइन एण्ड निर्माण सम्झौता** | *** |
| ४९.१ | उक्त प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियममा विस्तृत उल्लेख नभएको एवं सोको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले नमुना बोलपत्रसम्बन्धी कागजात तयार नगरेकोले मूल्य समायोजन र भेरिएसन आदेश लगायतका पक्षमा विविधता देखिएको । | सार्वजनिक खरिद अनुगमन कार्यालयसँग सहकार्यमा डिजाइन एण्ड बिल्ड सम्वन्धी ऐन नियममा व्यवस्था गरी नर्म्स स्वीकृत गराएर कार्य गर्न निर्देशन दिने । |
| ४९.२ | मन्त्रिपरिषद्वारा स्वीकृत गर्नुपर्ने नर्म्स महानिर्देशकबाट स्वीकृत गरेको आधारमा यो वर्ष ३८ पुलको लागि रु.१३ अर्ब ७४ करोड ७१ लाखको लागत अनुमान तयार गरेको छ । सोको लागि रु.१२ अर्ब ९१ करोड ६८ लाखको बोलपत्र | सार्वजनिक खरिद अनुगमन कार्यालयसँग डिजाइन एण्ड बिल्ड सम्वन्धी ऐन नियममा व्यवस्था गरी नर्म्स स्वीकृत गराएर कार्य गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | स्वीकृत गरीरु.४५ करोड २१ लाख ७२ हजार पेस्की दिएको छ । यसरी तयार गरेको लागत अनुमान तयार गर्ने कार्य नियमसम्मत नभएको । | |
| ४९.३ | सडक योजनाले ५१ निर्माण व्यवसायीलाई रु. २९ करोड ९९ लाख २ हजार मूल्य समायोजन भुक्तानी गरेको देखियो । उक्त विधिबमोजिमको ठेक्का लमसम प्रकृतिको देखिँदा सम्झौतामा मूल्य समायोजन दिने उल्लेख गरेको मनासिब देखिँदैन । | सार्वजनिक खरिद अनुगमन कार्यालयसँग सहकार्यमा डिजाइन एण्ड बिल्ड सम्वन्धी ऐन नियममा व्यवस्था गरी नर्म्स स्वीकृत गराएर कार्य गर्न निर्देशन दिने । |
| ५० | **डिजाइनमा त्रुटि —** | *** |
| ५०.१ | डिभिजन सडक कार्यालय, चौरजहारी अन्तर्गत पसगाढ खोलामा ४६.०४ मिटर पुल निर्माण गर्न त्रुटिपूर्ण डिजाइनको कारणले निर्माण कार्य प्रभावित भएको । | छानविन गरी परामर्शदाता र सम्झौता गर्ने सम्वन्धित पदाधिकारीलाई दोषी देखिएमा कानूनी कारवाही गर्न र उक्त निर्माण कार्यको ड्रइङ डिजाइन पुनरावलोकन तथा स्वीकृत गरी समयमा नै निर्माण कार्य गर्न निर्देशन दिने । |
| ५०.२ | डिभिजन सडक कार्यालय, सुर्खेतअन्तर्गत भेरी नदीमा पुल निर्माण गर्न वेल फाउण्डेसनको काम हुँदा कडा चट्टान भेटिएकोले स्वीकृत डिजाइनअनुसार कार्य गर्न नसकेको । | अदालतको फैसला बमोजिम हुने गरी काम अघि बढाउन र आगामी दिनमा निर्माण कार्यमा सुधार गर्न निर्देशन दिने। |
| ५०.३ | हुलाकी राजमार्ग योजना, पर्सा अन्तर्गत कलैया—मलंगवा खण्डमा पर्ने वाग्मती नदीमा ६३४ मिटर लामो पुल पिलरको उचाई नपुग देखिएकोले पुनः डिजाइनको प्रक्रियामा रही २०७०।८।२८ देखि निर्माण कार्य अवरुद्ध रहेको। | डिजाइन पुनरावलोकन गरी पुल निर्माण कार्य सम्पन्न गर्न र अन्यको हकमा आरबिट्रेशनबाट निर्णय भए अनुरुप हुने गरी गर्न गराउन निर्देशन दिने । |
| ५०.४ | डिभिजन सडक कार्यालय, काठमाडौं १ अन्तर्गत बौद्ध—ताम्रगंगा सडक स्थित वाग्मती नदीमानिर्माण हुने पुल सडकको सतहभन्दा करिब ८ फिटमाथि हुने भई डिजाइन त्रुटिपूर्ण भएकाले निर्माण कार्य अधुरो रहेको । | पुलको डिजाइन तथा एप्रोच सडक निर्माण सम्बन्धमा गरिएका उल्लिखित कारवाहीका सम्बन्धमा अनुगमन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ५०.५ | डिभिजन सडक कार्यालय, तुम्लिङटारले अरुण नदीको लम्सुवाघाटको पुल | गलत डिजाइन प्रयोग गरी पुल निर्माणमा त्रुटीपूर्ण कार्य गरेर निर्माण कार्य |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | निर्माणस्थलमा २४७ मिटरको पुल आवश्यक पर्नेमा १६५ मिटरको निर्माण गर्ने गरी डिजाइन स्वीकृत भएकाले निर्माण कार्य अवरुद्ध भएको । | अवरुद्ध गर्ने गराउने पदाधिकारी तथा कम्पनीको छानविन गरी दोषीलाई कानूनी कारवाही गर्न निर्देशन दिने । |
| ५०.६ | डिभिजन सडक कार्यालय, काठमाडौं १ अन्तर्गत नयाँबानेश्वर संगमचोक स्थित धोवीखोलामा पुलको डिजाइन पुनरावलोकन नभएकोले पुल निर्माण कार्य अलपत्र अवस्थामा रहेको छ, निर्माण व्यवसायीले लिएको पेस्की रु.१८ लाख बाँकी रहेको । | तत्काल पुलको डिजाइन पुनरावलोकन गरी पुल निर्माण कार्य अघि बढाउन र निर्माण व्यवसायीले लिएको पेस्की असुल गरी एक महिनाभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ५०.७ | डिभिजन सडक कार्यालय, बुटवलअन्तर्गत तिनाउ नदीमा पुल निर्माण गर्न निर्माण व्यवसायीसँगदुई पटक म्याद थप गर्दा पनि डिजाइन रिभ्यूको आवश्यकता महसुस नगरेको र तेस्रो पटक म्याद थप गर्दा मात्र डिजाइन रिभ्यू गर्नुपर्ने कारण उल्लेख गरेको । | समयमै पुल डिजाइनको पुनरावलोकन गरी निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्न निर्देशन दिने । |
| ५०.८ | डिभिजन सडक कार्यालय, बुटवल अन्तर्गत दानव नदीमा पुल निर्माण गर्न पुलको डिजाइन तयार गर्दा स्थानीय जनताको माग र आवश्यकतालाई ध्यान नदिएको कारण डिजाइन परिवर्तन गर्नु परेको | एक महिनाभित्र त्रुटीपूर्ण डिजाइन पेश गर्ने परामर्शदाता, जाँच तथा स्वीकृत गर्ने पदाधिकारीलाई ऐन बमोजिम कारवाही गरी यथाशीघ्र निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| **५१** | **एप्रोच सडक —** | *** |
| ५१.१ | जुम्लाअन्तर्गत तिला नदीमा पुलको संरचना निर्माण सम्पन्न भएकोमा एप्रोच तथा लिंक रोडमा पर्ने जग्गाको विवादको कारण निर्मित पुल सञ्चालनमा आएको देखिएन । | विवाद समाधान भई पुल सञ्चालनमा रहेकाले केही गर्न नपर्ने । |
| ५१.२ | डिभिजन सडक कार्यालय, काठमाडौं १ अन्तर्गत गागलफेदी स्थित घट्टेखोलामा पुलसम्म पुग्ने एप्रोच सडक नभएको कारण निर्माण सम्पन्न हुने अवस्थामा पुगेको पुल प्रयोजनविहीन बन्न पुगेको । | एप्रोच सडकको निर्माण भई पुल प्रयोगमा आएको जनाएकोले केही गर्न नपर्ने। |
| ५१.३ | डिभिजन सडक कार्यालय, हेटौंडाले वीरगञ्ज महानगरपालिकास्थित भेडाह खोलामा | तत्काल पुलसम्म जाने बाटो निर्माण गरी पुल सञ्चालनमा ल्याउन निर्देशन |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | ७० मिटरको पुल निर्माण सम्पन्न गरेको एक वर्ष भएपनि पुलसम्म जाने करिब ८०० मिटर सडक निर्माण नगरेकाले पुल उपयोगविहीन हुन गएको | दिने । |
| ५१.४ | हुलाकी सडक आयोजना योजना कार्यालय इटहरीले मेची नदीमा पुल निर्माण सम्पन्न गरेको भए पनि नेपाल र भारत सीमातर्फ २ कि.मि. सडक निर्माण नभएकाले पुलको उपयोग हुन नसकेको । | एप्रोच सडक निर्माण भई पुल उपयोगमा आइसकेको जनाएकोले केही गर्नु नपर्ने । |
| ५२ | **बिटुमिन खपत** —कान्ति लोक पथ आयोजनाले सडक पिच गर्ने ठेक्का प्याकेजमा बिटुमिन बढी खपत हुने गरी सम्झौता गरेको कारण रु.१ करोड २९ लाख ५८ हजार थप व्ययभार परेको । | भुक्तानी बिल हेरेर बढी भुक्तानी नहुने गरी फछ्र्यौट गर्न निर्देशन दिने । |
| ५३ | **निर्माण कार्यको गुणस्तर** — | *** |
| ५३.१ | डिभिजन सडक कार्यालय, इलाम अन्तर्गत फिक्कल—श्रीअन्तुडाँडा सडक निर्माणाधीन उक्त सडकको स्थलगत अवलोकन गर्दा सडकको विभिन्न स्थानमा पीच उप्केको र खाल्टो परेको देखिएकोले निर्माण कार्य गुणस्तयुक्त देखिएन । | एक महिनाभित्र छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ५३.२ | बेनी—दरबाङ सडक स्तरोन्नति कार्यमा ढुङ्गाको पर्खाल तथा ग्याविनको कार्य निर्माण सम्पन्न नहुँदै भत्केको देखिन्छ । दोबिल्ला—फलेबास सडक खण्डको कालोपत्रे उप्किएको, विभिन्न स्थानको ग्यावियन तथा संरक्षण पर्खाल भत्केको एवं सिल्मी फाँट स्थित घुम्तीमा करिब ५० मिटर सडक बिग्रेको अवस्थामा देखिएकोले तोकिएको गुणस्तरमा निर्माण कार्य भएको देखिएन । | अनुगमन गरी वर्तमान अवस्थाको प्रगति प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ५३.३ | सुनसरी मोरङ पुल आयोजना, पुल सेक्टर आयोजना पूर्वी सेक्टर १, डिभिजन सडक कार्यालय पाल्पा, सुर्खेत र मकवानपुरले सडक तथा पुल निर्माण कार्यलाई गुणस्तर युक्त बनाउन सडक विभागले जारी गरेको स्पेसिफिकेसन र निर्माण व्यवसायीले पेस गरेको गुणस्तर आस्वश्तता योजनाअनुसार गुणस्तर परीक्षण गरेको पाइएन । | गुणस्तर परीक्षण गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ५३.४ | डिभिजन सडक कार्यालय, ओखलढुंगाअन्तर्गतको हर्कपुर—ओखलढुंगा सडक खण्डअन्तर्गत केत्तुकेदेखि रमाइलो डाँडासम्मको १० कि.मि. सडक कालोपत्र एक वर्ष नबित्दै अधिकांश कालोपत्र उप्केको । | सम्पन्न निर्माणको गुणस्तरयुक्त कार्य भए नभएको सुनिश्चित गरी मूल्यांकन प्रतिवेदन एक महिनाभित्र समितमा पेश गर्न निर्देशन दिने । |
| ५४ | **सडकको रेखाङ्कन —** कालीगण्डकी करिडोर अन्तर्गत राम्दीदेखि दार्पोक सम्म सडक चौडा एवं स्तरोन्नति कार्य गर्दा नदीको वहाव क्षेत्रमा सडक पर्न गएको। | सडक रेखांकनको पुनरावलोकन गरी निर्माण कार्य अगाडी बढाउन निर्देशन दिने । |
| ५५ | **बढी परिमाण —**एक्साभेशनको परिमाण गणना गर्दा शुरुमा ७ मिटर चौडाइ हुने परिमाण गणना गरेकोमा ९ मिटर चौडाईको लागि ८ लाख ४२ हजार घन मिटर परिमाण थप गरेको कारण रु.११ करोड ८० लाख लागत बढ्न गएको। | आवश्यकताको आधारमा गरेको देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने । |
| ५६ | **डिजाइन स्वीकृतिमा ढिलाइ —**सम्झौताको अवधिमा डिजाइन स्वीकृत नगर्नेलाई कारबाही हुनुपर्ने र डिजाइन स्वीकृत नहुँदै पुल निर्माण कार्यको समेत पेस्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ । | अब आइन्दा सम्झौताको अवधिमा डिजाइन स्वीकृत नगर्ने, डिजाइन स्वीकृत नहुँदै पुल निर्माण कार्यको पेस्की दिने कार्य नियन्त्रण गर्न निर्देशन दिने । |
| ५७ | **नर्म्स —** | *** |
| ५७.१ | कालीगण्डकी कोरिडोर,हुलाकी राजमार्ग आयोजना र डिभिजन सडक कार्यालय सुर्खेतअन्तर्गत यो वर्षसम्झौता भएको १०५ निर्माण कार्यमा १५ प्रतिशत जर्ती समावेश भएको कारण सिँचाइ विभाग र भवन विभागको तम्सको तुलनामा सिमेण्ट बालुवाको जोडाई भएको ढुङ्गाको गारोलगाउने कार्यमा रु.९ करोड ६६ लाख ३७ हजार लागत बढ्न गएको । | पूर्वाधार तयार गर्ने मन्त्रालयहरुबीच समन्वय गरी एकीकृत नर्म्स तयार गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |
| ५७.२ | मध्यपहाडी लोकमार्ग (पूर्वी खण्ड) अन्तर्गत ११ खरिद सम्झौतामा ढुङ्गाको परिमाण बढी प्रयोग हुनाले गारोलगाउने कार्यको लागत अनुमानमा रु.१ करोड ९३ लाख ७७ हजारले बढी हुन गएको छ । त्यस्तै डण्डी परिमाण बढी प्रयोग हुनाले ९ कार्यमा ६५.५ मेट्रिकटन फलामे डण्डी खपत बढ्न गई | पूर्वाधार तयार गर्ने मन्त्रालयहरुबीच समन्वय गरी एकीकृत नर्म्स तयार गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | रु.५३ लाख ४१ हजारले लागत अनुमान बढी भएको । | |
| ५७.३ | डिभिजन सडक कार्यालय काठमाडौं २ ले निर्माण कार्य गरेकोमध्ये ५ सडक योजनाको लागत अनुमान तयार गर्दा थप ५ प्रतिशतले ६९२.३२ घन मिटर ढुङ्गा बढी प्रयोग भई प्रति घन मिटर रु.२३९९।०४ का दरले रु.१६ लाख ६१ हजार लागत बढेको । | पूर्वाधार तयार गर्ने मन्त्रालयहरुबीच समन्वय गरी एकीकृत नर्म्स तयार गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |
| ५७.४ | डिभिजन सडक कार्यालय, दोलखाले सडक विभागको नर्म्सअनुसार निर्माण कार्य गरेकोमध्ये नमुना छनौट गरी केही कार्यको विश्लेषण गरेकोमा ५ सडक योजनाको लागत अनुमान तयार गर्दा अन्य निकायभन्दा ५ प्रतिशतले बढी ढुङ्गा प्रयोग भई रु.६१ लाख ४५ हजार लागत बढेको। | पूर्वाधार तयार गर्ने मन्त्रालयहरुबीच समन्वय गरी एकीकृत नर्म्स तयार गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |
| ५७.५ | व्यापारिक मार्ग विस्तार आयोजना, रुपन्देहीले सडक विभागको नर्म्स प्रयोग गर्दा फलामे डण्डीको परिमाण बढी प्रयोग हुनाले ५ कार्यमा रु.६१ लाख ६९ हजार र ढुङ्गाको परिमाण बढी प्रयोग हुनाले ४ कार्यमा रु.२५ लाख ५० हजारले लागत अनुमान बढ्न गएको । | पूर्वाधार तयार गर्ने मन्त्रालयहरुबीच समन्वय गरी एकीकृत नर्म्स तयार गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |
| ५८ | **वातावरणीय प्रभाव मूल्याङ्कन** —वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नहुँदै यो वर्ष रु.१ अर्ब ३५ करोड २१ लाख भुक्तानी गरी सम्पन्न भएका ३ पुलको सोही कारणबाट ठेक्का फरफारक भएको देखिएन । निर्माण कार्य सुरु गर्दाकै अवस्थामा वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत हुनुपर्नेमा निर्माण कार्य सम्पन्न हुँदासम्म स्वीकृत नहुनु उचित देखिएन । | सुझाव अनुसार गर्न निर्देशन दिने। |
| ५९ | **भवन निर्माण** — आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) तथा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका तथा अख्तियारी पत्र अनुसार कुनै पनि कार्यक्रम सञ्चालन गर्न बजेट तथा कार्यक्रम स्वीकृत गर्नुपर्ने र बहुबर्षिय योजनाको लागि स्रोत सुनिश्चितता गरी ठेक्का व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । | अब आइन्दा स्रोतको सुनिश्चितता गरेर मात्र निर्माण कार्य गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
| --- | --- | --- |
| | डिभिजन सडक कार्यालय, बुटवलले कार्यालय भवन निर्माण गर्दा भवन निर्माण कार्यको स्रोत सुनिश्चित नगरी ठेक्का व्यवस्थापन गरेकोले भवन निर्माण कार्य अधुरो रहने अवस्था छ | |
| ६० | **सडक सीमा संरक्षण** – नारायणघाट–मुग्लिङ खण्डको सडकको सीमा ५० मिटर कायम गरेको भएपनि सडक अतिक्रमण गरी निर्माण भएको स्थायी÷अस्थायी संरचनाको लागि यो वर्ष सडक सीमाभित्रका घर टहराको रु.१ करोड १० लाख ५४ हजार क्षतिपूर्ति दिए तापनि सडक सीमा खाली नगराएको। | तत्काल सडक सीमा खाली गराइ एक महिनाभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ६१ | **सडकको उपयोग** – डिभिजन सडक कार्यालय, बुटवलअन्तर्गत मणिग्राम र मोतिपुर जोड्ने तिनाउ नदीमा पुल निर्माण कार्य रु.१० करोड ३७ लाख ९५ हजारमा २०६९।९।१६ सम्म सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीससँग सम्झौता भएकोमा तोकिएको अवधिमा कार्य सम्पन्न नभएकोले २०७२।३।२४ सम्म म्याद थप भएको तथा रु.५ करोड २८ लाख ७७ हजार भुक्तानी गरे पनि कार्य सम्पन्न भएको छैन । उक्त पुल भारतीय एक्जिम बैङ्कको सहयोगमा सडक सुधार आयोजनाबाट निर्माण भैरहेको लुम्बिनी परिक्रमा सडक खण्डमा पर्ने र सडक निर्माण कार्य अन्तिम चरणमा पुगेकोले पुलको निर्माण कार्य सम्पन्न नभएसम्म सडक सञ्चालन हुन सक्ने अवस्था देखिएन । | पुलको डिजाइन स्वीकृत गरी यथाशिघ्र पुल निर्माण गरी सडक सञ्चालनमा ल्याउन निर्देशन दिने । |
| ६२ | **कुल लागत** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा योजना स्वीकृतिसम्बन्धी व्यवस्था रहेको छ । आयोजना पूर्वी खण्डको कार्य क्षेत्रमा ६८९ कि.मि. र पश्चिम खण्डको कार्य क्षेत्रमा १०८७ कि.मि. रहेको भएपनि सो रेखाङ्कनमा पटक पटक परिवर्तन भएको देखिन्छ । आयोजनाको एकमुष्ट विस्तृत आयोजना प्रतिवेदन एवं वातावरणीय अध्ययन प्रतिवेदन तयार | आयोजनाको विस्तृत परियोजना प्रतिवेदन एवम् वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | गरी स्वीकृत नभएकोले आयोजनाले निर्माण गर्नुपर्ने सडक र सोको लागत खुलेको छैन । | |
| ६३ | **अधुरा निर्माण कार्य —** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौता र सोका शर्तहरुको व्यवस्था रहेको छ । सम्झौतामा उल्लिखित अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । आयोजनाको पश्चिम खण्ड कार्यालयले खरिद सम्झौता गरी कार्यान्वयनमा रहेका ६३ मध्ये १६ खरिद सम्झौताको अवधि समाप्त भएपनि निर्माण कार्य सम्पन्न भएको छैन । ती सम्झौताको म्याद थप नभएको र कार्य सम्पन्न समेत नभएकोले सार्वजनिक खरिद ऐन, नियम तथा सम्झौतामा रहेका व्यवस्था अनुसार रु. १२ करोड ८१ लाख ३१ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने, खरिद सम्झौताको अन्त्य गरी जमानत जफत तथा बाँकी निर्माण कार्य सम्पन्न गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल गर्ने प्रक्रिया अगाडि बढाउनुपर्ने देखिन्छ । | म्याद थप भए नभएको एकिन गरी एक महिनाभित्र पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्न, जमानत जफत गर्न र बाँकी निर्माण कार्य सम्पन्न गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल गरी एक महिनाभित्र समितिमा जानकारी गराउन निर्देशन दिने । |
| ६४ | **घुर्मी—चतरा सडक निर्माण —** घुर्मी —चतरा सडक निर्माण गर्न आयोजना पूर्वी खण्डले २०६८।६९ मा ठेक्का व्यवस्थापन गरेका रु.१४ करोड ३६ लाख ९५ हजारका २० ठेक्काको कार्य १ वर्षभित्र सम्पन्न गर्नुपर्नेमा ६ निर्माण व्यवसायीलाई बिगत वर्षमा रु.३ करोड ५७ लाख ४१ हजार भुक्तानी भई ४ ठेक्काको कार्य सम्पन्न भएको छ भने ३ ले काम शुरु गरेपनि सम्पन्न नगरेको र १३ निर्माण व्यवसायीले निर्माण कार्य शुरु नै गरेका छैनन्। वातावरणीय प्रभाव मूल्यांकन नगरी ठेक्का सम्झौता गरेकोमा हाल सडक निर्माण गर्न अनुमति प्राप्त भए पनि निर्माण व्यवसायीले साबिकको दरमा काम गर्न असमर्थता जनाएकोले ती ठेक्काहरु अलपत्र परेको छ । | निर्माण कार्य सम्पन्न हुन बाँकी रहेकाको हकमा नेपाल मध्यस्थता परिषदमा मुद्दा चलिरहेको जनाएकोले फैसला बमोजिम गर्न गराउन निर्देशन दिने । |
| ६५ | **दर विश्लेषण —** | *** |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ६५.१ | ठेक्का सम्झौता भएका निर्माण कार्यमध्ये परीक्षण गरिएका ८ निर्माण कार्यको लागत अनुमानमा मात्र रु.१ करोड १० लाख ३३ हजार थप भएको । | दोहोरो नपर्ने गरी भुक्तानी हुने व्यवस्था गर्न निर्देशन दिने । |
| ६५.२ | सडकको किनारामा पुर्न सोही स्थानमा जग खन्दा निस्केको माटो प्रयोग नगरी २ कि.मि. टाढाबाट ट्रकमा ढुवानी गर्ने गरी प्रति घन मिटर माटोको मूल्यकायम गरेको । | अब आइन्दा दर विश्लेषण गर्दा यथार्थपरक हुनेगरी गर्न गराउन निर्देशन दिने । |
| ६६ | **सार्वजनिक यातायात अध्ययन —** परामर्शदाताबाट प्राप्त प्रतिवेदनमा उपत्यकाभित्र सार्वजनिक यातायातका साधन तथा रुट सम्बन्धी विकल्प, तिनको प्राथमिकताक्रम, सम्भाव्यता अध्ययन, मूल्याङ्कन एवं सार्वजनिक यातायातको क्षेत्रमा गर्नुपर्ने नीतिगत, कानुनी एवं संस्थागत सुधारको सम्बन्धमा विभिन्न सुझावहरु कार्यान्वयन नभएको । | सार्वजनिक यातायातका साधन तथा रुट सम्बन्धि विकल्प, तिनको प्राथमिकताक्रम, सम्भाव्यता अध्ययन, मूल्याङ्कन एवं सार्वजनिक यातायातको क्षेत्रमा गर्नुपर्ने नीतिगत, कानुनी एवं संस्थागत सुधारको सम्बन्धमा प्राप्त भएका विभिन्न सुझावहरु कार्यान्वयन गर्न एक महिनाभित्र समितिमा कार्ययोजना पेश गर्न निर्देशन दिने । |
| ६७ | **पुलको गुणस्तर —** टेकु र कालिमाटी जोड्ने विष्णुमती नदीमा पुल निर्माणको गुणस्तर एवं सञ्चालन भएको सम्बन्धमा छानबिन हुनुपर्दछ । | एक महिनाभित्र छानविन गरी दोषी पाइएमा कानूनी कारवाही गर्न तथा असुल उपर गर्न निर्देशन दिने । |
| ६८ | **सडक पेटी सुधार —** सुधार गरिएका चोकहरुमा इन्टेलिजेन्ट ट्राफिक सिंग्नल जडानको लागि मास्ट आर्मको फाउण्डेसन कार्य भएकोमा उक्त सिंगनल जडानसम्बन्धी खरिद सम्झौता नभएको कारण मास्ट आर्ममा भएको करिब रु.३० लाख खर्च उपयोगविहीन हुन गएको देखिन्छ । | ट्राफिक चोक तथा पेटीहरुको सुधार गर्न निर्देशन दिने । |
| ६९ | **आयोजना कार्यान्वयन —** निर्माण गर्नुपर्ने पुल २१९ रहेको र सो मध्ये ७५ पुलको निर्माण कार्य सम्पन्न भएको, ८४ वटा पुल निर्माणधीन रहेको र ६० पुल डिजानइन स्वीकृत चरणमा रहेको । | सडक तथा पुल निर्माण कार्य निर्धारित समयमा सम्पन्न गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ७० | **वैदेशिक अनुदान —** अनुदानको रकम पूर्ण रुपमा उपयोग गर्नुपर्ने । | वैदेशिक अनुदानको पूर्ण रुपमा उपयोग हुनेगरी निर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ७१ | **गुणस्तर परीक्षण —** एउटै काममा दोहोरो पर्ने गरी सम्भौता गरेको । | एउटै कामका लागि दोहोरो नपर्ने गरी सम्झौता तथा भुक्तानीको व्यवस्था मिलाउन निर्देशन दिने । |
| ७२ | **लक्ष्य प्राप्ति —** योजना कार्यान्वयनमा थप प्रभावकारिता ल्याउनुपर्ने । | अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने । |
| ७३ | **परामर्श सेवा खर्च —** सुपरिवेक्षणको लागि परामर्शदासँग समयबद्ध सम्झौता गरेकोले काम नभएको अवधिको सेवा शुल्कसमेत परामर्शदातालाई भुक्तानी दिनु परेकोले निर्माण खर्चको तुलनामा परामर्श सेवा खर्च ४६ प्रतिशत बढेको । | परामर्श सेवा सम्वन्धी कार्यमा सुधार गर्न कानूनी व्यवस्था गर्न निर्देशन दिने । |
| ७४ | **कार्य सम्पन्न प्रतिवेदन —** समयवधि भित्र त्रुटिहरु सच्चाई कार्य सम्पन्न प्रतिवेदन तयार स्वीकृत नगरेको । | सार्वजनिक खरिद नियमावली अनुरुप प्रक्रिया पुरा गरी कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गर्न गराउन निर्देशन दिने । |
| ७५ | **प्रतिवेदन कार्यान्वयन —** रु. ५० करोड २८ लाख ४२ हजार खर्च गरी तयार गरेको प्रतिवेदन कार्यान्वयनमा नआएको । | तयार गरेको उल्लेखित प्रतिवेदन कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |
| ७६ | **लक्ष्य प्रगति —** तोकिएको समयावधिमा कार्य सम्पन्न नभएको । | लक्ष्यअनुसार प्रगति हासिल गर्ने गरी कार्य गर्न निर्देशन दिने । |
| ७७ | **निर्माणस्थलको व्यवस्था —** नियमानुसार निर्माणस्थलको व्यवस्था भएपछि मात्र खरिद सम्झौता गर्नुपर्ने । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७८ | **कार्य परिवर्तन —** ९ प्याकेजमा सम्भौतामा उल्लेख भएको कालोपत्रे नगरी रु. ९२ लाख १५ हजार मर्मतमा खर्च गरेको । | मर्मत खर्च कन्ट्र्याक्टमै समावेश हुने गरी बिल अफ क्वान्टिटी तयार गर्न र प्रक्रिया पूरा गरेर मात्र कार्यक्रम संशोधन र परिवर्तन गर्न निर्देशन दिने । |
| ७९ | **निर्माण क्षति —** अन्य निकायबाट भएको सडक क्षतिको काममा सुधार गराउने वा निर्माण व्यवासायीले बीमा दाबी गरी गराउनुपर्ने काममा समेत छुट्टै ठेक्का प्याकेज तयार गरी नागरिक उड्डयन प्राधिकरणले रु. १ करोड ६६ लाखको लागत अनुमान स्वीकृत गरी रु. ६१ लाख ८२ हजारमा ठेक्का दिएको । | अब आइन्दा सम्वन्धित निकायबाट उल्लेखित व्यवस्था मिलाउन निर्देशन दिने । |
| ८० | **पुल निर्माण —** सम्झौता अवधिमा काम नगरेको । | सम्झौता अवधिमा काम नगर्नेलाइ सार्वजनिक खरिद नियमावली एवम् सम्झौतामा व्यवस्था भए बमोजिम कानूनी कारवाहि गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ८१ | **दोहोरो भुक्तानी —** त्रिपुरेश्वर - कलंकी सडकको निर्माण गर्ने निर्माण व्यावसायीले छैंठौं विलसम्म भुक्तानी भई सकेको ७ हजार ९३.६३ घनमिटरको रु. ६८ लाख ३८ हजार समेत आठौं बिलमा समावेश गरी भुक्तानी गरेको । | एक महिनाभित्र छानविन गरी दोषी देखिएमा कानूनी कारवाहि गर्न निर्देशन दिने । |
| ८२ | **रेल्वेसम्बन्धी कानुन —** रेल्वे निर्माण, सञ्चालन, नियमन सम्बन्धमा समसामयिक कानुनी व्यवस्था हुनुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ८३ | **रेल मार्गको लागत —** रेल्वे सञ्चालन सम्बन्धमा विस्तृत आयोजना प्रतिवेदन तयार नभएको । | डिपीआर तयार भइसकेकाले निर्माण कार्यलाई अगाडि बढाउन निर्देशन दिने। |
| ८४ | **अधिकार —** | *** |
| ८४.१ | काठमाडौं र ललितपुर महानगरपालिकाको चक्रपथमा मोनोरेल सञ्चालन सम्बन्धमा विभागसंग समन्वय हुनुपर्ने । | सम्वन्धित निकायहरुबीच समन्वय गरी मोनोरेल सञ्चालन कार्यलाई अगाडि बढाउन निर्देशन दिने । |
| ८४.२ | नागढुङ्गा- धुलिखेल मेट्रोरेलको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न लगानी बोर्डले ६ कम्पनी सूचीकृत गरेको । | सम्वन्धित निकायहरुबीच समन्वय गरी मेट्रोरेल सञ्चालन कार्यलाई अगाडि बढाउन निर्देशन दिने । |
| ८५ | **भारतसँग सम्झौता —** | |
| ८५.१ | ब्रोडगेज रेलमार्ग लिक निर्माण गर्ने सम्बन्धमा पुनरावलोकन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ८५.२ | रक्सौल काठमाडौं जोड्ने रेलमार्गको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार नभएको । | विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्न निर्देशन दिने । |
| ८६ | **केरुङ्ग-काठमाडौं रेल मार्ग —** विस्तृत आयोजना प्रतिवेदन तयार नभएको । | समयमा नै विस्तृत आयोजना प्रतिवेदन तयार गर्न निर्देशन दिने । |
| ८७ | **रेलमार्गको मापदण्ड —** आयोजनाले निर्माण गर्ने पूर्व पश्चिम रेलमार्ग, काठमाडौं वीरगञ्ज रेलमार्ग, केरुङ्ग काठमाडौं रेलमार्ग तथा भारतीय सीमानामा निर्माण हुने लिंक रेलमार्ग अन्तराष्ट्रियस्तरसँग तालमेल हुने गरी निर्माण हुनुपर्ने । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ८८ | **आयोजना स्वीकृत —** रेल्वे विकास आयोजनाले बर्दिवास काँकडभिट्टा खण्ड २६३.८ कि.मि. को रेलमार्गको लागि रु. १ खर्ब ७२ अर्ब ९८ करोड लागत लाग्ने गरी परामर्शदाताले तयार गरेको विस्तृत आयोजना प्रतिवेदन नेपाल सरकारमा पेश नगरी महानिर्देशक तहबाट स्वीकृत भएको । | विस्तृत आयोजना प्रतिवेदन नेपाल सरकारमा पेश गरी निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |
| ८९ | **वातावरणीय प्रभाव मूल्याङ्कन —** रेल्वे विकास आयोजनाले रु. २ खर्ब २७ अर्ब १२ करोड लागत भएका इनरुवा- काँकडभित्ता, इटहरी - विराटनगर लिंक, बर्दिवास-इनरुवा, तम्सरीया-बुटवल खण्डको वातावरणीय प्रभाव मूल्याङ्कन मन्त्रालयबाट स्वीकृत नगराएको । | उल्लेखित खण्डको रेल्वे विकास गर्न वातावरणीय प्रभाव मूल्यांकन कार्य अघि बढाउन निर्देशन दिने । |
| ९० | **नर्म्स —** विभागले रेल्वे सम्बन्धी निर्माण कार्यको लागि छुट्टै नर्म्स तथा स्पेसिफिकेसन लागू नगरेको । | रेल्वे सम्बन्धि निर्माण कार्यका लागि छुट्टै नर्म्स तथा स्पेसिफिकेसन लागू गर्न निर्देशन दिने । |
| ९१ | **खरिदमा प्रतिस्पर्धा —** ठेक्कामा निश्चित व्यावसायी मात्र योग्य हुने गरी ठुलो प्याकेज बनाई पर्याप्त प्रतिस्पर्धाको सुनिश्चित नगरेको । | उल्लेखित निर्माण कार्यमा पर्याप्त प्रतिस्पर्धा हुने गरी ठेक्का प्याकेज तयार गर्न निर्देशन दिने । |
| ९२ | **वार्ताद्धारा खरिद —** सार्वजनिक खरिद ऐन २०६३ विपरित रेल्वे विकास आयोजनाले बाँके नदी र भप्सी नदीमा पुल निर्माण गर्न वार्ताद्धारा घटाघट गराई रु. ६६ करोड ८९ लाख ८१ हजारमा खरिद सम्भौता गरेको । | सार्वजनिक खरिद ऐन विपरित सम्झौता गर्ने पदाधिकारीलाई कानुनी कारबाही गरी तीन महिना भित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ९३ | **बहुवर्षीय स्वीकृति —** खरिदका आवश्यक बजेट नभई खरिद कारवाहि गरेको । | सार्वजनिक खरिद ऐन विपरित सम्झौता गर्ने पदाधिकारीलाई कानुनी कारबाही गर्न र अब आइन्दा निर्माण पूर्वका कार्य सम्पादन गरेर मात्र आवश्यक बजेट सुनिस्चितता गरि खरिद सम्झौता गर्न निर्देशन दिने । |
| ९४ | **कार्य सम्पन्न —** सिमरा- बर्दिवास खण्डमा रु. ४ अर्ब ५२ करोड ९३ लाख भुक्तानी भएपनि निर्माण कार्य नभएको । | चालू आ.व. भित्र निर्माण कार्य सम्पन्न गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ९५ | **परामर्शदाताको जिम्मेवारी —** रु. २ अर्ब ४९ करोड ४९ लाखको सम्भौता | अब आइन्दा परामर्शदाता छनोट गर्दा कामको परिमाण फरक हुने स्थितिमा |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | भएकोमा सम्भौता कार्यान्वयनको क्रममा केही आइटमको परिणाममा अत्याधिक वृद्धि भई रु. ३१ करोड ५८ लाखको भेरिएसन आदेश गरी सम्भौता रमक रु. २ अर्ब ८१ करोड ७ लाख कायम भएकोले कामको परिणाम फरक पार्ने परमर्शदातालाई जिम्मेवार बनाउन पर्ने । | जिम्मेवार हुने गरी प्रावधान राखी परामर्श कार्य गर्न गराउन निर्देशन दिने । |
| ९६ | **इम्बोस्ड नम्बर प्लेट —** कार्यावधि सकिन लाग्दा समेत पर्सनालाइज्ड कार्य हुन नसकेको । | इम्बोस्ड नम्बर प्लेट राख्ने कार्यलाई समयमा सम्पन्न गर्न र उल्लिखित रकम सम्बन्धितबाट असुल गर्न निर्देशन दिने । |
| ९७ | **खर्चको स्रेस्ता —** रु. ४२ लाख १५ हजार भुक्तानी गरेको सम्भौता बीजक पेश नभएको, भुक्तानीमा कर कट्टी नगरेको तथा कारोबारको लेखा स्रेस्ता तयार नगरेको, खर्चको बिल भरपाई सहित लेखा नराखेको । | फरफारक भइसकेको जनाएकोले प्रमाण पेश गर्न निर्देशन दिने । |
| ९८ | **यातायात सेवाको पञ्जीकरण —** यातायात सेवाको पञ्जीकरण कार्य प्रभावकारी नभएको । | सम्बन्धित निकायबीच समन्वय गरी पञ्जीकरण कार्यलाई प्रभावकारी बनाउन निर्देशन दिने । |
| ९९ | **बढी भुक्तानी —** भीआरएस र डिएलआरएसको तथ्याङ्क बढी प्रिन्ट भएको देखाई रु. ३८ लाख ७४ हजार बढी भुक्तानी गरेको । | अदालतको फैसला आएपछि सो बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने । |
| १०० | **राजस्व हिसाब —** महालेखा नियन्त्रक कार्यालयले देखाएको भन्दा रु. ३४ लाख ८९ हजार घटी र विभागका ७ कार्यालयले रु. ४५ लाख ३१ हजार बढी असुली देखाएकोले राजस्व फरक परेको देखिएको । | कार्यालयको सफ्टवेयर र म्यानुअलबीच एकरुपता कायम गर्न निर्देशन दिने । |
| १०१ | **सवारीचालक अनुमतीपत्र —** सवारीचालक अनुमतीपत्र प्रिन्ट र वितरणसम्बन्धी व्यावस्था प्रभावकारी बनाउनुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १०२ | **सम्पति मूल्याङ्कन —** वित्तीय विवरणको यथार्थ चित्रण नभएको । | कार्य सम्पन्न भइसकेकाले केही गर्नु नपर्ने । |
| १०३ | **बढी भुक्तानी —** डिभिजन सडक कार्यालय चितवनलाई टोल फण्ड अन्तर्गत ठेक्कामा कार्य सम्भौता गरेको भन्दा रु. २ करोड ३४ लाख ७६ हजार बढी | फरफारक भइसकेको जनाएकोले प्रमाण पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | खर्च गरेको । | |
| १०४ | **बढी खर्च —** सडक मर्मत सम्भारका लागि स्वीकृत कार्यक्रम एंव बजेटभन्दा रु. ७ करोड ५४ लाख ४३ हजार बडी खर्च गरेको । | बढी खर्च हुनाको कारण लगायतका विषयमा छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| १०५ | **दस्तुर सङ्कलन —** राजपत्रमा प्रकाशित सुचना अनुसार ७ स्थानमा सडक दस्तुर असुल गर्ने व्यवस्था नगरेको । | दस्तुर संकलन गर्ने कार्यलाई समयमा नै अध्ययन गरी प्रभावकारी बनाउन निर्देशन दिने । |
| १०६ | **सडक दस्तुर —** संशोधित दरअनुसार राजस्व असुल नगरेको । | सडक दस्तुर उठाउने कार्यलाई छिटो र प्रभावकारी बनाउन निर्देशन दिने । |
| १०७ | **आय ठेक्का —** | |
| १०७.१ | बढी कबोल गर्ने २ बोलपत्रदाताको रु. ४ करोड ६३ लाख ३३ हजारको प्रस्ताव स्वीकृत गरेको । | ठेक्कालाई यथार्थपरक बनाउन निर्देशन दिने । |
| १०७.२ | शुरु लागत अनुमान रु. ८ करोड २ लाख ६४ हजार संशोधित गरी ५५.६७ प्रतिशतले घटाई रु. ३ करोड ५५ लाख ८१ हजार कायम गरेको । | ठेक्कालाई यथार्थपरक बनाउन निर्देशन दिने । |
| १०८ | **संरचना पुनरावलोकन —** बोर्डको पुनर्संरचना हुनुपर्ने । | बोर्डको पुनर्संरचना गर्ने कार्यलाई समयमा नै सम्पन्न गर्न निर्देशन दिने । |